# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

## प्रतिवेदन

आ.व. २०८२/०८३

**हरिनास गाउँपालिका**

चित्रेभञ्जयाङ्ग, स्याङ्जा

## विषयसूची


१. **कार्यकारी सारांश** ---------------------------------------------------------------- १

२. **प्रारम्भिक** ---------------------------------------------------------------- १

*(१) पृष्ठभूमि* ---------------------------------------------------------------- *१*

*(२) उद्देश्य* ---------------------------------------------------------------- *२*

*(३) लैङ्गिक समानता तथा सामाजिक परीक्षण गरिएको निकायको विबरण* ---------------------- *३*

*(४) लैङ्गिक समानता तथा सामाजिक परीक्षणमा खटिने कर्मचारीको विबरण* ------------------- *५*

*(५) लैङ्गिक समानता तथा सामाजिक परीक्षण विधि तथा औजारहरु* -------------------------- *५*

क. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन ------------------------------------------ ५

ख. कार्यशाला गोष्ठी ------------------------------------------------------- ६

ग. प्रश्नावली सर्वेक्षण ------------------------------------------------------ ७

घ. लेखाजोखा --------------------------------------------------------------- ७

*(६) लैङ्गिक समानता तथा सामाजिक परीक्षणका सीमा* ------------------------------------ *७*

*(७) लैङ्गिक समानता र सामाजिक परीक्षणको विधि र चरणहरु* ------------------------------ *८*

३. **तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण** -------------------------------------------- १०

*(१) लैङ्गिक समानता तथा सामाजिक परीक्षणको नतिजा* ------------------------------------ *१०*

*(२) तथ्याङ्क प्रस्तुतीकरण* -------------------------------------------------------- *१३*

*(३) तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण* ---------------------------------------- *१६*

*(४) लैङ्गिक समानता तथा सामाजिक परीक्षणको नतिजा तथा सोको विश्लेषण* ------------------ *२१*

*(५) लैङ्गिक तथा सामाजिक समावेशिकरण विकास कार्ययोजना* ---------------------------------- *३१*

४. **निष्कर्ष** ---------------------------------------------------------------- ४८

५. **सिफारिस** ---------------------------------------------------------------- ४८

६. **अनुसूची** ---------------------------------------------------------------- ५१

*अनुसूचीः१ गाउँपालिकाले १०० सूचकमा प्राप्त गरेको अङ्क* ------------------------------------ *५१*

*अनुसूचीः२ प्रमुख सूचनादाता (प्रमुख प्रशासकीय अधिकृत) सँगको अन्तरवार्ता* ----------------------- *६४*

*अनुसूचीः ३ लक्षित समूहको प्रश्नावली सर्वेक्षण (हरिनास-३, बुड्दी)* -------------------------------- *६९*

## तालिका सूची


तालिकाः 1 राष्ट्रिय जनगणना २०७८ अनुसार हरिनास गाउँपालकामा विभिन्न जातजातीको जनसंख्या...... ३
तालिकाः 2 हरिनास गाउँपालिका भित्र बोलिने भाषाहरु र जनसंख्या ......................................... ४
तालिकाः 3 हरिनास गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विबरण ...........................................५
तालिकाः 4 कार्यशाला गोष्ठीमा सहभागी भएका पदाधिकारीहरुको विबरणः ................................... ६
तालिकाः 5 आ.व. २०८२/०८३ मा हरिनास गाउँपालिकाले लैससास परीक्षणमा प्राप्त गरेको अङ्क.....१०


## चित्र सूची


चित्र 1 उपसुचकहरुको माकुरे जालो.........................................................................१२
चित्र 2 मुख्य सूचकहरुको माकुरे जालो ...................................................................१२
चित्र 3 नीति कानून र योजनामा प्राप्त गरेको अङ्क.......................................................... १३
चित्र 4 संस्थागत व्यवस्थामा प्राप्त गरेको अङ्क................................................................. १३
चित्र 5 मानव संसाधन तथा क्षमता विकासमा प्राप्त गरेको अङ्क............................................१४
चित्र 6 सेवा प्रवाहमा प्राप्त गरेको अङ्क ........................................................................१५
चित्र 7 सुशासन तथा उत्तरदायीत्वमा प्राप्त गरेको अङ्क ......................................................१५

## १. कार्यकारी सारांश

आर्थिक वर्ष २०८२/०८३ मा हरिनास गाउँपालिकामा गरिएको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण** अनुसार गाउँपालिकाले **५२ अङ्क प्राप्त गरेको** छ, जसले गाउँपालिकाको अवस्था सामान्य स्तरमा रहेको देखाउँछ। लैससास परीक्षण स्थानीय तहका नीति, योजना, बजेट, सेवा प्रवाह तथा संस्थागत व्यवस्थामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवस्था मूल्याङ्कन गर्ने महत्वपूर्ण माध्यम हो। गाउँपालिकाले केही सकारात्मक पहलहरू गरेको छ, जस्तै सहभागितामूलक योजना छनौट, न्यायिक समितिको सक्रियता, लैङ्गिक हिंसा निवारण कोष सञ्चालन, खुल्ला दिसामुक्त तथा पूर्णखोपयुक्त स्थानीय तहको अवस्था, र अपाङ्गतामैत्री संरचना निर्माणको प्रयास। तर लैससासको नतिजामा गिरावट आएको देखिएकाले नीति, कार्यक्रम र बजेटमा लैससासलाई थप प्रभावकारी रूपमा समावेश गर्न आवश्यक छ। स्तनपान कक्ष स्थापना, समान ज्यालाको नीति कार्यान्वयन, स्वास्थ्य बीमा कार्यक्रमको सहजीकरण, तथा खण्डीकृत तथ्याङ्क अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिएको छ। यसका साथै गाउँपालिकाले लैससास सम्बन्धी छुट्टै नीति निर्माण, कार्यान्वयन समिति गठन, लक्षित वर्गका लागि बजेट व्यवस्था, महिला सहभागिता वृद्धि, लैङ्गिक हिंसा नियन्त्रण, क्षमता विकास कार्यक्रम सञ्चालन, तथा सामाजिक कुरीति विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने सिफारिस गरिएको छ। समग्रमा, गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नीति, योजना र विकास कार्यक्रमको मुख्य आधार बनाउँदै सुधारात्मक कार्ययोजना कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

## २. प्रारम्भिक

### (१) पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहाभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरीएको छ। महिलाको हक सम्बन्धी धाराले समान वंशीय अधिका र, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। समानताको हकले नागरिकहरु, सामाजिक र सास्कृतको रुप; पछाडी परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधरमा जनताको सहभागीताको अधिकार स्थापना गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका र गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा लैंगीक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ। वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्यांक अध्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क संकलन गर्ने, विकास कार्य अन्तर्गत बालविवाह, बहु- विवाह, लैङ्गिक हिंसा अन्त्र गर्ने आदिको व्यवस्था गरेको छ। स्थानीय तहको योजमा तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला,

बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना छनौटमा जोड दिनुले लै.स.सा.स. प्रवर्द्धन गर्ने व्यवस्था गरिएको बुझिन्छ। समानताको हक अन्तर्गत सामाजिक र सांस्कृतिक रुपले पछाडी पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ। राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्लाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको। स्थानीय तहको लागि लैससास परीक्षण दिग्दर्शन २०७८ अनुसार स्थानीय सरकारहरुको वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र लैससास परीक्षण गरी सक्नु पर्दछ। लैससास परीक्षण सहयोग तथा समन्वयका लागि स्थानीय सरकारको एक कार्यदल गठन गरी गर्नुपर्छ। स्थानीय सरकारको आफ्नो क्षेत्रमा रहेको महिला, दलित, जनजाति तथा पिछडिएका  वर्गहरुको विकासका लागि केही प्रयासहरु गर्नु पर्ने र लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा भएका प्रगतिलाई संस्थागत गर्न र प्रभावकारी ढंगले अगाडी बढाउनका लागि सम्बन्धित नीति तथा कानुन तर्जुमा गर्नुपर्दछ।

## (२) उद्देश्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य यसको प्रयोगलाई सरलीकृतरुपमा स्थानीयकरण गरी स्थानीय तहले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमालाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। हरेक आर्थिक वर्षमा स्थानीय सरकारले लैङ्गिक समानता र सामाजिक समावेशिकरण परीक्षण गर्ने र सोही अनुसार नीति योजना तथा बजेट तर्जुमा गरी कार्यान्वय गर्ने अभिप्राय रहेको छ। लैससास परीक्षणको उद्देश्यहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छः

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरुलाई समावेशि गरी लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाइ सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहीकरण र सशक्तिकरण गर्दै लैजाने,
- महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी स्थानीय तहको विकास प्रकृयामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने,
- महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रकृयामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने,

- स्थानीय तहको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने,
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतीहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने,
- स्थानीय तहको  समग्र क्रियाकलापहरुमा लैससासको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतीहरुको पहिचान गर्न।

## (३) लैङ्गिक समानता तथा सामाजिक परीक्षण गरिएको निकायको विबरण

स्याङ्जा जिल्लाको दक्षिण पूर्वी भेगमा अवस्थित,  ८७.४८ वर्ग कि.मिक्षेत्रफलमा फैलिएको यस . हरिनास गाउँपालिका साविक किचनास गासको ६.वि.,८ र ९ वडा, चिसापानी गा-सको १.वि.९ वडा, चित्रे गा-सको १.वि.९ वडा, क्याक्मी गा-सको १.वि.९ वडा तथा चिन्नेवास गासको ७.वि.,८ र ९ वडालाई मिलाई स्याङ्जा जिल्लाकै ठुलो एवम् प्रख्यात हरिनासको वन बाट यस गाउँपालिकाको नामकरण भएको हो। यस गाउँपालिकामा ७ वटा वडा हरु रहेका छन् भने यसको केन्द्र साविक चित्रेभन्ज्याङ गास कार्यालयमा रहेको .वि. छ। यस गाउँपालिकाको पूर्वमा तनहुँको भिमादगाउँपालिका, उत्तरमा तनहुँको शुक्लागण्डकी गाउँपालिका, पश्चिपममा बिरुवा गाउँपालिका र चापकोट गाउँपालिका तथा दक्षिणमा चापाकोट गाउँपालिका र तनहुँको भिमाद गाउँपालिका रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार हरिनास गाउँपालिकाको कुल जनसङ्ख्या १३,१९१ जना रहेको छ। कुल जनसङ्ख्या मध्ये ६,०१८ जना (४५.६ %) पुरुष र ७,१७३ जना (५४.४ %) महिला रहेका छन्। हालको लैङ्गिक अनुपात ८३.९ % (८३.९ पुरुष प्रति १०० महिला) कुल घरधुरी संख्या ३५८२ रहको छ। कुल साक्षरता दर ७८.३ % रहको छ जसमा पुरुष साक्षरता ८७.५ % र महिला साक्षरता ७०.७ % रहेको छ।

हरिनास गाउँपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ। यस गाउँपालिका भित्र मगर, क्षेत्री, नेवार, गुरुङ्ग, ब्राह्मण, ठकुरी, विश्वकर्मा, घर्ती/भुजेल, लगायतका जातजातीको बसोबास रहेको छ।

तालिकाः 1 राष्ट्रिय जनगणना २०७८ अनुसार हरिनास गाउँपालकामा विभिन्न जातजातीको जनसंख्या

| क्र.सं. | जातजाती | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मगर | ५६०८ | २५२९ | ३०७९ | ४२.५१ |
| २ | नेवाः(नेवार) | १७०९ | ७६५ | ९४४ | १२.९६ |
| ३ | ब्राह्मण (पहाडी) | १४९९ | ६७८ | ८२१ | ११.३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विश्वकर्मा | १०४१ | ४७५ | ५६६ | ७.८९ |
| ५ | क्षेत्री | ७५२ | ३६४ | ३८८ | ५.७० |
| ६ | गुरुङ्ग | ६३५ | ३०९ | ३२६ | ४.८१ |
| ७ | घर्ती | ५६६ | २६० | ३०६ | ४.२९ |
| ८ | मिजार | ४८८ | २१० | २७८ | ३.७० |
| ९ | परियार | ३५८ | १६३ | १९५ | २.७१ |
| १० | ठकुरी | २४६ | १२१ | १२५ | १.८६ |
| ११ | मुसलवान | १०० | ५३ | ४७ | ०.७६ |
| १२ | सन्याशीदशनामी/ | ८६ | ४५ | ४१ | ०.६५ |
| १३ | अन्य | ४० | २० | २० | ०.३० |
| १४ | खवास | २८ | १५ | १३ | ०.२१ |
| १५ | सुनुवार | २४ | ७ | १७ | ०.१८ |
| १६ | राई | ११ | ४ | ७ | ०.०८ |

हरिनास गाउँपालिकामा जातजाती अनुसारको भाषा बोलिने गरिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार हरिनास गाउँपालिकामा देहायका भाषाहरु बोलिने गरको छ।

तालिकाः 2 हरिनास गाउँपालिका भित्र बोलिने भाषाहरु र जनसंख्या

| क्र.सं. | मातृभाषा | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ८३२७ | ३८०६ | ४५२१ | ६३.१३ |
| २ | मागर ढुट | ३९४९ | १७६९ | २१८० | २९.९४ |
| ३ | गुरुङ्ग | ५१३ | २५४ | २५९ | ३.८९ |
| ४ | नेपाल भाषा (नेवारी) | २०२ | ९६ | १०६ | १.५३ |
| ५ | भुजेल | १३३ | ५८ | ७५ | १.०१ |
| ६ | भोजपुरी | ३६ | १७ | १९ | ०.२७ |
| ७ | अन्य | १६ | ९ | ७ | ०.१२ |
| ८ | मुसलमान | १५ | ९ | ६ | ०.११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | १३१९१ | ६०१८ | ७१७३ | १००.०० |

हरिनास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, ७ वटै वडा कार्यालयहरु तथा स्वास्थ्य चौकी र इकाईहरुमा कार्यरत कर्मचारिहरुको लैङ्गिक अनुपात देहाय अनुसार रहेको छः

तालिकाः 3 हरिनास गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विबरण

| क्र.सं. | महिला कर्मचारी | पुरुष कर्मचारी | अन्य कर्मचारी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३८ | ३६ | ० | ७४ | |

## (४)लैङ्गिक समानता तथा सामाजिक परीक्षणमा खटिने कर्मचारीको विबरण

हरिनास गाउँपालिकाको लैससास परीक्षण गर्न हरिनास गाउँपालिकाको कानून (गठन र सञ्चालन) कार्यविधि तर्जुमा तथा सुझाव समिति गठन कार्यविधि, २०८२ को दफा ३ (१) बमोजिक गठन भएको समितिले लैससास परीक्षण कार्यदलको रुपमा काम गरेको थियो ।

संयोजक - श्री राम प्रसाद शर्मा, प्रमुख प्रशासकीय अधिकृत

सदस्य - श्री कृष्ण प्रसाद पौडेल, आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य - श्री नोल बहादुर थापा, प्रशासन शाखा प्रमुख

सदस्य - श्री हरि प्रसाद गैह्रे, कृषि शाखा प्रमुख

सदस्य - श्री राजिव सुवर्णकार, शिक्षा शाखा प्रमुख

सदस्य सचिव - श्री विदुर सिग्देल, स्वास्थ्य शाखा प्रमुख

## (५) लैङ्गिक समानता तथा सामाजिक परीक्षण विधि तथा औजारहरु

यो परीक्षण केही सहभागीता मुलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धान मुलक विधिबाट सम्पन्न गरिएको छ। मुख्य गरी यो परीक्षण गर्न ४ वटा विधि अपनाइएको थियो भने ४ वटा औजारहरुको प्रयोग गरिएको थियो।

### क. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन

लैससास परीक्षण कार्यदलले हरिनास गाउँपालिकाको दस्तावेजहरु (जस्तैः नीति, ऐन, कार्यविधि, निर्देशिका, वार्षिक नीति तथा कार्यक्रम र योजना तथा बजेट, आवधिक योजना, आवधिक प्रतिवेदनहरु, गाउँपालिका प्रोफाइल)को अध्ययन गरेको थियो। यस्ता दस्तावेजहरुलाई लैससास दृष्टिकोणले विश्लेषण र पुनरावलोकन गरी

टिपोट गरिएको थियो। साथै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि, कानून, नीति तथा निर्देशिकाहरुको पनि अध्ययन गरिएको थियो।

### ख. कार्यशाला गोष्ठी

हरिनास गाउँपालिकाको सभाहलमा एक दिने लैससास परीक्षण कार्यशाला गोष्ठी सम्पन्न भएको छ। उक्त कार्यशाला गोष्ठिमा हरिनास गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो। उक्त गोष्ठिको सहजीकरण लैससास परीक्षण कार्यदलले गरेको थियो। लैससास परीक्षण सूचकहरुमा अङ्क प्रदान गर्ने, सोही अङ्कको आधारमा माकुरी जालो तयार गर्ने, हरिनास गाउँपालिकाको लैससास दृष्टिकोणले सबल पक्ष, दुर्बल पक्ष, सम्भावना तथा चुनौतीहरुको विश्लेषण गर्ने र आगामी आर्थिक वर्षको लागि कार्ययोजना निर्माण गरी कार्यशाला गोष्ठि सम्पन्न गरियो।

तालिकाः 4 कार्यशाला गोष्ठीमा सहभागी भएका पदाधिकारीहरुको विबरणः

| क्र.सं. | सहभागीको नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | इन्द्रा कुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | राम प्रसाद शर्मा | प्र.प्र.अ. | |
| ४ | इन्द्र बहादुर गुरुङ्ग | १ नं वडा अध्यक्ष | |
| ५ | चित्र बहादुर थापा | २ नं वडा अध्यक्ष | |
| ६ | ओम प्रकाश सिग्देल | ३ नं वडा अध्यक्ष | |
| ७ | सन्त बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ८ | निर्मल लम्साल | ५ नं वडा अध्यक्ष | |
| ९ | दिल बहादुर राना | ६ नं वडा अध्यक्ष | |
| १० | भरत थापा | ७ नं वडा अध्यक्ष | |
| ११ | अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १२ | डोल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १३ | इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १४ | धन माया राना | कार्यपालिका सदस्य | |
| १५ | वुद्धि माया वि.क. | कार्यपालिका सदस्य | |
| १६ | पर्शुराम सिग्देल | स्वकीय सचिव | |
| १७ | कृष्ण प्रसाद पौडेल | स.ले.अ. | |
| १८ | नोल बहादुर थापा | प्र.अ. | |

| | | | |
|---|---|---|---|
| १९ | अरुणा थापा | उ.वि.स. | |
| २० | मिलन चौलागाई | प्रा.स. | |
| २१ | विस्नु अधिकारी | पशु स्वास्थ्य प्राविधिक | |
| २२ | शिवानी पोखेल | पोषण संयोजक | |
| २३ | स्नेहा कुमारि झा | सव इन्जिनियर | |
| २४ | राजिव सुवर्णकार | शिक्षा अधिकृत | |
| २५ | विदुर सिग्देल | अ.छैटौं | |
| २६ | मिलन तिमल्सेना | ईन्जिनियर | |
| २७ | हरि प्रसाद गैह्रे | कृषि अधिकृत | |

### ग. प्रश्नावली सर्वेक्षण

लैससास परीक्षणको क्रममा प्रश्नावली तयार गरी गाउँपालिकाका आमा समूहका दलित समुदाय, आदिवासी जनजाति, उपभोक्ता समिति, बालबालिकाहरुसँग छलफलर सर्वेक्षण गरिएको छ। गाउँपालिकाको वडा नं ७, कोइराले र वडा नं ३ को वुङ्दिमा भेला गरी लक्षित समुहहरुसँग छलफल गरिएको थियो। गाउँपालिकाको कानुन तथा नीतिमा लैससास, योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन, क्षमता विकास, नेपाल सरकारका लैससास विकासका नीति तथा प्रतिवद्धता तथा गाउँपालिकाको कार्यसंस्कृति सम्बन्धमा प्रश्नावली तयार गरी प्रमुख सूचनादाताहरुसँग सर्वेक्षण गरिएको थियो। प्रमुख सुचनादाता गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य आमा समूहको सञ्जालसँगको सर्वेक्षणलाई अनुसूचीमा समावेश गरिएको छ।

### घ. लेखाजोखा

गाउँपालिकाले बनाएका कानुनहरु र अङ्गिकार गरेको नीतिको राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरु, सन्धि, महासन्धिहरुको निर्दिष्ट गरेको व्यवस्था अनुसार अध्ययन, विश्लेषण र लेखाजोखा गर्ने प्रयास गरिएको छ। एक सय वटा सूचकहरुमा गाउँपालिकालाई अङ्क प्रदान गरी सोही अनुसार प्रस्तुत गरिएको छ।

## (६) लैङ्गिक समानता तथा सामाजिक परीक्षणका सीमा

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ ले निर्दिष्ट गरेका देहायका विषय तथा उपविषयहरुमा केन्द्रित रहेको छ;

| मूल विषय | सहायक विषय (उप विषय क्षेत्र) |
|---|---|
| नीति, कानून, योजना | नीति र कानूनमा समावेशिता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |

| | |
|---|---|
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत व्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्यप्रणाली समावेशी |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन |
| मानव संसाधन तथा क्षमता विकास | मानव संसाधन तथा क्षमता विकास |
| | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना |
| | कानूनी साक्षरता |
| | विपद व्यवस्थापनमा समावेशिता |
| सेवा प्रवाह | पूर्वाधार विकास |
| | नीति र कानूनमा समावेशिता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| सुशासन तथा उत्तरदायित्व | कार्यप्रणाली समावेशी |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन |
| | मानव संसाधन तथा क्षमता विकास |

## (७) लैङ्गिक समानता र सामाजिक परीक्षणको विधि र चरणहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सबै स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा नियमित रुपमा गर्नु पर्ने काम हो । आर्थिक वर्ष २०८२।२०८३ को परिक्षण हरिनास गाउँपालिकाको कानुन तर्जुमा तथा सुझाव समितिद्धारा गरिएको छ । परीक्षण कार्यलाई दुई चरणमा तपशीलका विधिहरु अवलम्वन गरी गरिएको छ ।

(क)तयारी चरण

- जिम्मेवारी प्राप्तिः हरिनास गाउँपालिकाको कानुन तर्जुमा तथा सुझाव समितिले लैससास दिग्दर्शन २०७८ अनुसार लैससास परीक्षणको गर्ने निर्णय गरियो ।
- गाउँपालिकामा समन्वयः समितिले गाउँपालिकाको आर्थिक वर्ष २०८२/२०८३ को वार्षिक नीति कार्यक्रम र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि गरिएका कार्यहरुको अध्ययन गऱ्यो।

- गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी तथा विषयगत शाखाहरुसँग समन्वय गरी परीक्षणको बारेमा जानकारी र कार्यशालाको मिति तथा समयको बारेमा छलफल गरियो ।
- सन्दर्भ सामाग्रीको अध्ययन, विश्लेषणः सरोकारवालाहरुसँग समन्वय तथा सन्दर्भ सामाग्री अध्ययन, विश्लेषण गरियो ।
- हरिनास गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम र दस्तावेजमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुकुल गरिएका प्रावधानहरुको अध्ययन र कार्यान्वयनको अवस्था तथा चुनौतिका विषयमा गाउँपालिका जनप्रतिनीधि साथै सम्बन्धित शाखा प्रमुखसँग तथा सरोकारवालाको सहभागितामा लक्षित समूह छलफल गरियो।
- गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखाका प्रमुख तथा अन्य जानकार कर्मचारीसँग समूह केन्द्रित छलफल विधिबाट गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सूचकहरुको सूचकगत अबस्था र अध्यावधिक कागजातहरुको बारेमा छलफल र अध्ययन गरियो ।

(ख)कार्यशाला सञ्चालन (कार्यान्वयन चरण)

- लैससास परीक्षणको अवधारणा र लैससास परीक्षण कार्यशालामा जनप्रतिनिधि, शाखा प्रमुख, कर्मचारीहरु र अन्य सरोकारवाला क्षेत्र समेतको  उपस्थितिमा लैससास मूलप्रवाहीकरण र स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र आवश्यकता प्रकाश पार्दै विषयक्षेत्र र सूचकको जानकारी सहित लैससास परीक्षणका गर्नुको औचित्य माथि प्रस्तुतिकरण र छलफल गरियो ।
- सूचकगत छलफलः सहभागीहरुलाई विभिन्न समुहमा विभाजन गरेर लैससास परीक्षण दिग्दर्शन २०७८ ले निर्दिष्ट गरेका मुख्य ५ वटा मुख्य विषयक्षेत्र अन्तर्गत कार्यविधि, रणनिति, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, चौमासिक बार्षिक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, प्रोफायल, विभिन्न समयमा भएका निर्णयहरु, आदिको लैससास दृष्टिकोणले विश्लेषण गरी समूहगत रुपमा सूचकको मूल्याङ्कन गरी अङ्कन गरियो ।
- सूचकको समूहगत रुपमा छलफल मूल्याङ्कन गरिएको अंड्ङ्कभारलाई विषयक्षेत्रगत क्रमश सवै सूचकको अवस्था र अङ्कनको परीणामलाई सामुहिक छलफल गरी यथार्थ अङ्कन गरीयो ।
- तथ्याङ्कको प्रस्तुतीकरणः गणना गरिएको अङ्ककलाई माकुरे जालो र स्तम्भ चार्टमार्फत नतिजा प्रस्तुतिकरण गरियो।
- सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिका बारेमा सामुहिक छलफलः लैससासको मूल्याङ्कनको अवस्था स्तम्भ चित्रबाट हरिनास गाउँपालिका जनप्रतिनीधिहरु, कर्मचारी साथै सरोकारवालाहरुको सहभागीतामा स्थानीय तहको नीति, कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, सुशासन तथा उत्तरदायित्व जस्ता क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिका बारेमा सामुहिक छलफल गरियो र विश्लेषण गरियो ।

- कार्ययोजना निर्माण र कार्यशालाको समापनः गाउँपालिकाको बर्तमान अवस्था माकुरेजालोमा प्रस्तुति तथा स्तम्भ चित्रमा चित्रण गरेर सहभागीहरु माझ प्रस्तुत गरियो । परीक्षण पश्चात प्राप्त राम्रा पक्षहरुलाई निरन्तरता दिँदै कमजोर पक्षहरुलाई सुधार गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको लागि आवश्यक कार्ययोजना निर्माण गर्न सहजीकरण गरी तयार गरियो । आगामी वर्षमा हरिनास गाउँपालिकाको कार्यक्रमहरु लैससासमैत्री तथा समतामूलक विकासका लागि लैङ्गिकमैत्री लगानी गर्ने प्रतिबद्धता गर्दै गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालामा गाउँपालिका प्रशासकीय अधिकृत राम प्रसाद शर्माले लैससास परीक्षणको महत्वमा विचार राख्नु भएको थियो। आर्थिक वर्ष २०८२/२०८३ को अवधिको लैससासले परीक्षणले औल्याएका विषय र क्षेत्रको अवस्था सुधार गर्न योजनाबद्धरुपमा लाग्ने प्रतिबद्धता सहित गाउँपालिकाका अध्यक्षले परीक्षण कार्यशालाको समापन गर्नु भयो ।

  गाउँपालिकामा लैससास परीक्षण गर्दा मुख्यरुपमा, अबलोकन, द्वितीय तथ्याङ्कको बिश्लेषण, समूह केन्द्रित छलफल, लक्षित छलफल बिधिको प्रयोग गरियो ।

## ३. तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

### (१) लैङ्गिक समानता तथा सामाजिक परीक्षणको नतिजा

हरिनास गाउँपालिकाले आ.व. २०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको जम्मा ५२ अङ्क प्राप्त गरेको छ । गत आ.व. को लैससास परीक्षणमा ६० अङ्क प्राप्त गर्दै गाउँपालिका लैससासको दृष्टिकोणले उत्तम अवस्थामा रहेकोमा यस आ.व.मा ८ अङ्क (१३.३३ %) ले घटेर सामान्य अवस्थामा पुगेको हो। गाउँपालिकाले सम्पूर्ण सूचकहरुमा प्राप्त गरेको अङ्कलाई अनुसूचीमा राखिएको छ।

तालिकाः 5 आ.व. २०८२/०८३ मा हरिनास गाउँपालिकाले लैससास परीक्षणमा प्राप्त गरेको अङ्क

| क्र.सं. | सूचकहरु | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क. | नीति कानून र योजना | २० | १२.५ |
| १ | नीति र कानुनमा समावेशिता सहभागिता | ८ | ७.० |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ३.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.० |
| ख. | संस्थागत व्यवस्था | २० | १२.० |
| १ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ४.० |
| २ | कार्यप्रणालीमा समावेशिता | ४ | ३.५ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ |

| | | | |
|---|---|---|---|
| ४ | व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | १.० |
| ५ | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन अङ्कभार | ४ | २.० |
| ग. | मानव संसाधन तथा क्षमता विकास | २० | ४.५ |
| १ | मानव क्षमता विकास | ८ | २.५ |
| २ | अनौपचारिक मूल्य मान्यता र कु संस्कार विरुद्ध जनचेतना | ४ | ०.५ |
| ३ | कानुनी साक्षरता | ४ | ०.० |
| ४ | विपद् व्यवस्थापनमा समावेशिता | ४ | १.५ |
| घ. | सेवा प्रवाह | २० | ११.० |
| १ | पूर्वाधार विकास | ४ | २.० |
| २ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| ३ | शिक्षा कार्यक्रम | ४ | ३.० |
| ४ | खानेपानी तथा सरसफाई | ४ | १.५ |
| ५ | स्वरोजगार तथा आयाआर्जन र बजार व्यवस्थापन | ४ | २.० |
| ङ. | सुशासन तथा उत्तरदायीत्व | २० | १२.० |
| १ | सुशासन | ४ | २.५ |
| २ | उत्तरदायित्व र जवाफदेहीता | ४ | ३.५ |
| ३ | सूचना तथा सञ्चार | ४ | १.० |
| ४ | अनुगमन तथा मुल्याङ्कनः | ४ | ३.० |
| ५ | समन्वय र सम्बन्ध विस्तार | ४ | २.० |
| | जम्मा | १०० | ५२.० |




चित्र 2 मुख्य सूचकहरुको माकुरे जालो




चित्र 1 उपसुचकहरुको माकुरे जालो

## (२) तथ्याङ्क प्रस्तुतीकरण

(क)नीति कानुन र योजनाको स्थिति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको तथ्याङ्कीय विश्लेषण गर्दा मुख्य विषय क्षेत्रअन्तर्गत नीति कानून तथा योजना क्षेत्रमा १२.५ अंक आएको छ । हरिनास गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा भए गरेका कार्यहरुको परीक्षणबाट नीति कानुन र योजना क्षेत्रमा ६२.५ प्रतिशत सम्म प्रगति रहेको छ । लैससास परीक्षणका ५ वटै विषय मध्ये गाउँपालिकाले यसै विषयमा सवै भन्दा धैरै अङ्क प्राप्त गरको हो। नीति कानुनमा समावेशीता र सहभागितामा ७, योजना तर्जुमा तथा कार्यान्वयनमा ३.५ र बजेट तर्जुमा तथा कार्यान्वयनमा २ अङ्क आएको छ । महिला पुरुष र लैगिक तथा यौनिक अल्पसंख्यक वर्गको समविकास साथै सामाजिक विभेद अन्त्य गर्न वनेका नीति कानुनको कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ । महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गमा हुने विभेद अन्त्यका र लैससास परीक्षण गर्ने छुट्टै नीति बनाई कार्यान्वयनमा ल्याउन जरुरी रहेको छ । रैथाने तथा आप्रवासी कामदार माथि हुन सक्ने भेदभावलाई सम्बोधनका विषयका नीति र कानुनको निर्माण गरी कार्यान्वयनमा ल्याउन पर्ने देखिन्छ । दिगो विकासका लक्ष्यलाई स्थानीयकरण र सो अनुसारका लक्ष्य प्राप्तीको लागि कार्य गर्दै जान आवश्यक देखिन्छ । लैङ्गिक तथा सामाजिक विकासमा सुदृढ गर्न क्षमता विकास योजना र वजेट समेत वार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने रहेको छ । लक्षित समुदाय र वर्गको लागि वजेट व्यवस्थापन गर्न स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले अगुवाई गर्न जरुरी रहेकोछ।




चित्र 3 नीति कानून र योजनामा प्राप्त गरेको अङ्क

(ख)संस्थागत व्यवस्थाको स्थिति

हरिनास गाउँपालिकाको लैससास परीक्षणमा संस्थागत व्यवस्था मूल क्षेत्रमा १२ अंक आएको छ । संस्थागत व्यवस्थाको प्रगति ६० प्रतिशत रहेको छ। कर्मचारी र पदाधिकारी प्रतिनिधित्वमा ४, कार्यप्रणली समावेशीकरणमा ३.५, समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा १.५, वित्त व्यवस्थापन समावेशीतामा १ र तथ्याङ्क संकलन तथा व्यवस्थापनमा २ अङ्क आएको छ। गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक




*चित्र 4 संस्थागत व्यवस्थामा प्राप्त गरेको अङ्क*

समावेशीकरण कार्यान्वयन समितिको गठन गरी नियमितरुपमा परिचालनमा ल्याउन पहल गर्नु जरुरी रहेको छ। सेवा सुबिधाहरुबाट वन्चितिकरणमा परेका वर्गहरुको तथ्याङ्क संकलन र व्यवस्थापन तथा सूचनाहरु खण्डिकृत सूचनाहरुको अध्यावधिक गर्न आवश्यक रहेको देखिन्छ। लैङ्गिक सम्वेदनशिल भई सेवा प्रवाह गर्न कर्मचारीहरुको क्षमता विकास गरी परिचालन गर्नु पर्ने हुन्छ। महिला पुरुषवीचको असमानता हटाउन र सामाजिक समावेशिता वृद्धि गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयन भएनभएको लेखाजोखा गर्नु पर्ने अवस्था रहेको छ। गाउँपालिकामा सञ्चालन भएका गतिविधिहरुको अनुगमनबाट आएका पृष्ठपोषणलाई स्वीकार गरी पालिकाले सेवा प्रवाहमा सुधार गर्न जरुरी रहेको छ। गाउँपालिकाको भित्र रहेका  कार्यालयमा हुन सक्ने दुर्व्यहार भेदभाव र महिला हिंसा नियन्त्रणका लागि आचार संहिता निर्माण गरी कार्यान्वयन गर्नु पर्ने देखिएको छ। टोलवस्तीस्तरबाट समावेशी योजना निर्माणका लागि लक्षित समूहसंग छुट्टै छलफल गरी माग संकलन गर्ने परीपाटीको विकास गर्नु पर्ने रहेको छ गाउँपालिकास्तरमा वनेका समिति र उपसमितिमा रहेका सदस्यहरुको सक्रिय सहभागिता वढाउन पर्ने रहेको छ। गरीव तथा वेरोजगारहरुको सूचना संकलन र नक्साङ्कन गर्नु पर्ने रहेको छ।

(ग) मानव संसाधन तथा क्षमाता विकासको स्थितिः



चित्र 5 मानव संसाधन तथा क्षमता विकासमा प्राप्त गरेको अङ्क

मानव संसाधन तथा क्षमता विकास मुख्य क्षेत्रमा ४.५ अङ्क आएको छ। मानव संसाधन तथा क्षमाता विकास क्षेत्रमा २२.२ प्रतिशत सम्म प्रगति हाँसिल भएको छ। मानव क्षमता विकास उप विषय क्षेत्रमा २.५, अनौपचारीक मूल्यमान्यता र कुसंस्कार विरुद्ध ०.५, कानूनी साक्षरतामा ०, विपद् व्यवस्थापनमा समावेशीतामा १.५ अंक आएको छ। क्षमता विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ। नियमितरुपमा लक्षित वर्गको लागि लोकसेवा तयारी कक्षा सञ्चालनमा ल्याउन पर्ने देखिएको छ। मानव संसाधन विकास केन्द्रको स्थापना र महिलाअधिकार तथा वेइजिङ्ग घोषणा पत्रमा उल्ले गरिएका बाह्र प्रतिबद्धता कर्मचारीमा जानकारी गराउन पर्ने छ। कुसंस्कारवाट प्राभावितहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी अभियान सञ्चालन गरी हरिनास गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणा गर्न रणनीतिक योजना तयार गरी अगाडि वढ्न आवश्यकता रहेको छ। कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुलाई कानुनको मस्यौदा र समस्या समाधान गर्ने विषयमा अभिमूखिकरण कार्यलाई निरन्तरता गर्नु पर्ने छ। कानुनको मस्यौदा निर्माण तथा ऐन नियमबारे वडागतरुपमा सचेतना कार्य गर्न आवश्यकता रहेको देखिन्छ। विपद्वाट प्रभावित महिला, ज्येष्ठ नागरिक र बालबालिकाको उद्धारका निम्ति पहिलो प्राथमिकतामा राख्न जरुरी रहेको छ।

(घ) सेवा प्रवाहको स्थितिः

सेवा प्रवाह मुख्य विषयक्षेत्रमा जम्मा ११ अङ्क प्राप्त गरेको छ। लैससासमा सेवा प्रवाहको ५५ प्रतिशत सम्म प्रगति भएको देखिन्छ। पूर्वाधार विकास उप विषयक्षेत्रमा २, प्रजनन् स्वास्थमा २.५, शिक्षा कार्यक्रमा ३, खानेपानी तथा सरसफाईमा १.५ र स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थामा २ अङ्क आएको छ। सेवा प्रवाह मुख्य क्षेत्रको खानेपानी तथा सरसफाई उपसूचकको अवस्था कमजोर रहेको छ। भवन निर्माणमा गाउँपालिकाको अनुमति लिने प्रावधानलाई कार्यान्वयनमा ल्याउदै सार्वजनिक संरचनाहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री निर्माण गर्नुपर्ने देखिन्छ। प्रजनन स्वास्थ्य सुधारका निम्ति गर्भवति महिलालाई गर्भावस्थामा आरम गराउने कार्यका लागि नीती तयार गरी कार्यान्वयनमा ल्याउन जरुरी रहेको छ। निरक्षर महिलाहरुका लागि साक्षरता गर्ने रणनीतिक कार्यक्रमहरु सञ्चालन गर्न वजेटको व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ। टोलवस्तीस्तरमा सरसफाई प्रबर्द्धन र फोहोर व्यवस्थापन गर्न कुहिने र नकुहिने छुटियाई फोहोर फाल्ने डस्विन प्रयोगमा अनिवार्यता गर्नु पर्ने देखिन्छ। ग्रामिण क्षेत्रको कृषि तथा पशु व्यवसाय प्रबर्द्धनका लागि महिला प्राबिधिक तयारीमा पहल गर्नु पर्ने अवस्था परीक्षणको नतिजाले देखाएको छ। गरीव तथा लक्षितबर्गका व्यक्तिहरुको उपभोग्य सामग्रीमा सहजता गराउन सुफतमूल्यका सहकारी पसल सञ्चालनमा ल्याउनु पर्ने लैससास परीक्षणको नतिजाले प्रष्टता गरेको छ।



चित्र 6 सेवा प्रवाहमा प्राप्त गरेको अङ्क

(ङ) सुशासन तथा उत्तरदायीत्वको स्थितिः

सुशासन तथा उत्तरदायित्व शीर्षकमा जम्मा १२ अङ्क आएको छ। सुशासन तथा उत्तरदायित्व मुख्य विषय क्षेत्रमा ६० प्रतिशत नतिजा हासिल गरेको छ। सुशासन उप विषय क्षेत्र सुशासनमा २.५, उत्तरदायित्व र जवाफदेहीतामा ३.५, सूचना तथा संचारमा १, अनुगमन तथा मूल्याङ्कनमा ३ र समन्वय र सम्वन्ध विस्तारमा २ अङ्क आएको छ। गाउँपालिकाद्वारा सञ्चालनमा ल्याईएका समावेशी कार्यक्रमहरुबाट लक्षित समूहमा पुगेको लाभको मूल्याङ्कन गर्नु पर्ने रहेको छ।



चित्र 7 सुशासन तथा उत्तरदायीत्वमा प्राप्त गरेको अङ्क

गाउँपालिकाद्वारा सामाजिक जवाफदेहीताका औजारको प्रयोगमा लक्षित वर्गको अधिकतम सहभागिता गराउन पहल गर्नु पर्ने रहेको छ। महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव अन्त्य गर्न संयुक्त राष्ट्रसंघद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनका लागि वजेट तथा कार्यक्रम बनाउन आवश्यक देखिएको छ। स्थानीय तहले लैङ्गिक समानता तथा समावेशी विकासका लागि सञ्चालनमा ल्याएका कार्यक्रमको अनुगमन गर्दा सरोकारवालाई पुगेको लाभ र असरको विश्लेषण गर्ने पद्वतिलाई सस्कृतिको रुपमा ल्याउनु पर्ने अवस्था रहेको छ। गाउँपालिकाभित्र रहेका सरोकारवाला निकायवीच लैङ्गिक समानताको वातावरण वनाउन कार्यगत एकता गर्न आवश्यक रहेको परीक्षणबाट प्राप्त भएको छ। लक्षित समुदायको हित र उत्थानका लागि कार्य गर्ने निकायका मानवीय जनशक्तिलाई लैससास सम्बन्धी क्षमता विकास तालिम तथा अनुशिक्षण गरी परिचालन गर्न आवश्यक रहेको छ।

## (३) तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

### (क)नीति कानुन तथा योजना

हरिनास गाउँपालिकाको लैगिक समातना तथा सामाजिक समावेशीकरण परीक्षणको तथ्याङ्कीय तुलनात्मक विश्लेषण गर्दा मुल विषयक्षेत्र अन्तर्गत नीति कानून तथा योजनालाई सम्वोधन गर्नलाई वाषिक नीति तथा कार्यक्रममा लैससासलाई जोड दिईएको छ। नीति कानुन निर्माण गर्दा लैंगिकमैत्री बनाउन प्रयास गरिएको र भाषाहरु लैंगिक संवेदनशिल बनाउने प्रयास गरिएको। गाउँपालिकाको न्यायिक समिति क्रियाशिल रहेको छ। वडास्तरीय योजना छनौट हुने गरेको र समावेशीतालाई प्राथमिकता दिएको छ। उपभोक्ता समिति गठनको कार्यविधि रहेको तर समितिमा ४० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्न वाँकी रहेको छ। सहभागितामूलक योजना छनौट आशिंक मात्रामा हुने गरेको छ। वार्षिक नीति तथा कार्यक्रममा लक्षित वर्गको लागि निश्चित प्रतिशत रकम छुट्याउने प्रावधान राखि बजेटलाई उत्तरदायि बनाउनु पर्ने अवस्था रहेको छ।

लैगिक हिंशा निवारण कोष सञ्चालनमा रहेको र गरीव घरपरिवार पहिचान कार्यक्रम सञ्चालन भई लैंगिक प्रावधानमा उल्लेख्य भूमिका खेलेको पाइन्छ। स्थानीय ऐन, नीतिमा बालबालिका र किशोरी किशोरमा हुने विभेद अन्त्य गर्ने छुट्टै नीति निर्माण गरी कार्यान्यवयनमा ल्याउनु पर्ने अवस्था रहेको छ। लैंगिकमैत्री तथा समावेशी विकास प्रवर्द्धन लागि लैंगिक नीति बनाई सवैप्रकारका सामाजिक विभेदहको अन्त्य गर्ने प्रावधानमा मापन योग्य लक्ष्य बनाई लागु गर्नु पर्ने हुन्छ।

गाउँपालिकाले श्रमनीति बनाई समान ज्यालाको सुनिश्चितताका साथै कार्यस्थलमा हुने विभेद र यौनजन्य हिंशा अन्त्य गर्ने आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउन पर्नेछ। गाउँपालिकाले खण्डिकृत तथ्याङ्कक अध्यावधिक गर्नु पर्ने देखिन्छ। रैथाने र आप्रवासी कामदारको हितको नीति तयार तथा कार्यान्वयनमा ल्याउन पर्ने देखिन्छ। जनसहभागिता नीति बनाई लक्षित वर्गको छुट्टै विश्लेषण गरी आवश्यकताको आधारमा कार्यक्रम तय गर्नुपर्ने हुन्छ। सहभागितामूलक अनुगमनलाई व्यवस्थित गर्ने र अनुगमनबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गराउन पहल गर्नु पर्ने अवस्था रहेको छ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैंगिक समानता प्रबर्द्धनका लागि रणनीति र आचार संहिता कार्यान्वयनमा लागि बजेट छुट्याउनु पर्ने देखिन्छ । वार्षिक रुपमा लैंगिक समानता तथा सामाजिक परीक्षण पश्चात लैंगिक र समावेशी विकासमा सुदृढ गर्न तयार गरीएको कार्ययोजना कार्यान्वयनका निम्ति वजेट सहित कार्यक्रम गाउँपालिकाको योजनामा समावेश गरी समयमा कार्य गर्नु पर्ने परीक्षणको मूल्याङ्कनले देखाएको छ । स्थानीय कानुन निर्माण गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोर्णले उपयुक्त भए नभएको समिति निर्माण गरी लेखाजोखा गर्ने परिपाटीको विकास गर्नु पर्ने देखिन्छ ।

**(ख)संस्थागत व्यवस्थाः**

हरिनास गाउँपालिकाको वार्षिक तथा आवद्यक योजनामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मुद्धाहरु समाधान गर्ने लक्ष्य र कार्यक्रम समावेश गरिएको अवस्था रहेको छ । मुख्य विषयक्षेत्र अन्तर्गत संस्थागत व्यवस्थालाई संम्बोधन गर्न गाउँपालिकाले महिला तथा बालबालिका शाखाको स्थापना गरी कार्य विवरण समेत उल्लेख गरेको छ । वार्षिक नीति तथा कार्यक्रममा योजना निर्माण्को चरणहरुमा समानुपातिक प्रतिनिधित्व, लैगिकहिंशा न्यूनीकरणको लागि छुट्टै कोषको स्थापना गरी बजेट विनियोजन गरेको छ । वञ्चितिकरणमा परेका वर्गको पहुँच वढाउन सकारात्मक विभेधको नीति लिएको छ। गाउँपालिकाद्वारा बनाउने उपसमिति तथा कार्यदलमा महिला र वन्चितिकरणमा परेका पुरुषहरुको समेत समावेशी प्रतिनीधित्व गराउने गरेको छ । लैंगिक हिंशा निवारण महिला सीप विकास तथा नेतृत्व विकास गर्ने कार्यमा श्रोत व्यवस्थापन व्यवस्थापन गरी कार्यक्रम सचालन गरिएको छ । गाउँपालिकाको सूचना प्रणाली समावेशी र कम्प्युटर प्रणालीमा लेखा व्यवस्थापन गरीएको छ । घटना दर्ताको अभिलेखिकरण, महिला विरुद्ध हुने सवै प्रकारका हिंशा निवारण कार्यक्रमको लागि बजेटको विनियोजन र कार्यक्रमहरु सञ्चलनमा रहे पनि लक्षित समुदायको पहुँच पुग्न बाकी रहेको छ ।

गाउँपालिकाबाट पदाधिकारी तथा कर्मचारी समावेश गरी लक्षितवर्गको क्षमता विकासमा कार्यक्रमहरु सञ्चालन गर्ने गरिएको छ । लक्षित बजेटको सुनिश्चितता, समावेशी सूचना प्रणालीको कार्यान्वयन, लैंगिक सम्बन्धि क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गर्दै खण्डिकृत सूचना प्रणलीलाई आधार लिई वार्षिक योजना तर्जुमा गर्नुपर्ने देखिन्छ । लैंगिक विकास हेर्ने डेस्कको स्थापना र व्यवस्थापनमा आवश्यक वजेटको व्यवस्थापन र परिचान गर्नु पर्ने रहेको छ । दिगो विकासमा लक्ष्यको स्थानीयकरण गरी स्थानीय विकास प्रक्रियालाई अगाडि बढाउने कामको सुरुवात गर्नु पर्ने छ ।

सेवा प्रवाहमा नागरिकहरुवाट प्राप्त सुझावहरुको सुनुवाईलाई संवोधन गर्नु पर्ने रहेको छ । लैंगिकहिंशा रोकथाम गरी लैंगिकमैत्री बानीव्यवहार प्रबर्द्धनका लागि निर्माण भएका नीतिको हुवहुँ कार्यान्वयन गर्न पर्ने रहेको छ । गाउँपालिका र वडाले आफनो पाश्र्वचित्र तयार गरी सोही आधारमा विकास निर्माण कार्य सञ्चालन ल्याउन सकेमा मात्र समतामूलका विकास हुन सक्ने अवस्था रहेको छ । लैंगिकमैत्री योजनाको छनौट र कार्यक्रम तयार गरी लक्षित वर्गको हित गर्न लैंगिक समानता तथा सामाजिकरण कार्यान्वयन समितिको संस्थागत विकास गर्दै क्रियाशिलता बढाउन आवश्यक रहेको छ । गाउँपालिकाले संचालन ल्याएका कार्यक्रममा अनुगमन गर्ने

संयन्त्रले अनुगमन गरी वन्चितिकरणमा परेको वर्गको सुझावका आधारमा योजना निर्माण गरी कार्य संचालन गर्न पर्नु पर्ने देखिन्छ । लैससास परीक्षण पश्चात सुचक सुधारका लागि तयार गरिएको कार्ययोजना कार्यान्यवयनमा ल्याउन आवश्यक रहेको छ ।

मानव संधान तथा क्षमता विकास मानव संसाधन तथा क्षमता विकास मुल विषय क्षेत्रमा गाउँपालिकामा महिलाको विरुद्ध हुने सबै प्रकारका हिंशा निवारण कार्यक्रमहरु सञ्चालनको लागि वजेट र कार्यक्रमहरु रहेका छन। परंपरागत कुरीतिहरु छुवाछुत, बाल विवाह र वहुविवाह दाईजो हटाउन अभियानहरु संचालनमा आएका छन । जनप्रतिनीधि तथा कर्मचारीहरुलाई संविधान र ऐन नियमबारे अनुशिक्षण गरिन थालिएको छ । लक्षित वर्गको तथ्याङ्क राखि आपतकालीन कार्य वा राहत वितरण भएको छ। पञ्जिकरणको अभिलेख अध्यावधिक रहेको पाईन्छ ।

खण्डिकृत तथ्याङ्कको अध्यावधिक र सोही आधारमा सेवा र विकास कार्यका साथै राहतका कार्यक्रमम सञ्चालनमा रहेको छ। गाउँपालिकामा क्षमता विकास कार्ययोजना तयार पछि तालिम लगायत क्षमता विकासका कार्यक्रमहरु वार्षिक नीति तथा कार्यक्रम सञ्चालनमा रहेका छन। क्षमता विकास तालिममा लैंगिक समानता र सामाजिक समावेशीकरणका विषयहरु समावेश गरी जनप्रनिनीधि तथा कर्मचारीमा अनुशिक्षण गर्न आवश्यक रहेको छ । महिलाको सवालको सम्बोधन गर्दै लैगिक सम्वेदनशील शब्दहरुको प्रयोगको र कार्यस्थलमा हुन सक्ने दुर्व्यवहार अन्त्यका लागि आचार संहिता तयार गरी कार्यान्वियन गर्नु पर्ने अवस्था रहेको छ ।

लक्षित वर्गका कार्मचारी, पदाधिकारीहरुलाई निर्दिष्ट क्षमता विकासका कार्यक्रमहरु वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने रहेको छ। मानव संसाधन शाखालैगिक राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको अनुशिक्षण तथा स्थानीयकरण गर्ने, महिला हिशा विरुद्ध शुन्य शहनशीलता नीति लिने, कानूनको मस्यौदा निर्माणको प्रकृया र समस्या समाधानको बारेमा जनप्रतिनीधि, कर्मचारी लगायतलाई अनुशिक्षण गर्ने, कानूनी सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ । लक्षित वर्गको रोजगारीमा समान सहभागिता बढाउन नियमितरुपमा लोकसेवा तगारी कक्षा सञ्चालनलाई निरन्तरता दिन आवश्यक देखिएको छ ।

विपद् व्यवस्थापन कार्यहरु गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखी विपद् व्यवस्थापन कोषको परिचालनमा लक्षित समुदायको सहभागिता गर्नु पर्ने छ । लैंगिक हिंशामुक्त गाउँपालिका घोषणा गर्ने अभियानलाई प्राथमिकता साथ संचालनमा ल्याउनु पर्ने छ । लैंगिक तथा समावेशी विकासका लागि छुट्टै शीर्षकमा वजेट व्यवस्थापन गर्न सकेमा गाउँपालिकाको विकास प्रकृया सन्तुलित हुने अवस्था रहेको छ। लैंगिक समानता तथा सामाजिक समावेशीकरण विषयमा नागरिकहरुलाई तालिम दिन सक्ने दक्ष जनशक्ति तयारीमा समेत ध्यान पुरियाउन आवश्यक रहेको छ।

**(ग) सेवा प्रवाहः**

विद्यालयमा निशुल्क पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्ति, निशुल्क पोशाकको व्यवस्था जस्ता विषय र कार्यक्रमहरु सञ्चालनमा आएका छन । लैगिक तथा गरीव वर्गका नागरिकहरुको स्वास्थ्य विमामा सहयोग

गरिएको छ । गाउँपालिकाभित्र रहेका विद्यालय जाने उमेरका सवै बालबालिका विद्यालयमा भर्ना भएको अवस्था छ । सेवा प्रवाह मुख्य विषय क्षेत्रमा गाउँपालिकामा भवन संहिता तयार गरेका छ । गाउँपालिका खुल्ला दिसामुक्त र पूर्णखोपयुक्त घोषणा भई सकेको छ । गाउँपालिकामा प्रजनन शिक्षाका कार्यक्रमहरु लागु भएको छ ।

हरिनास गाउँपालिकामा भवन निर्माणमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउने सोचको विकास भएको छ। सवैवर्गको लागि पहुँचयोग्य भवन निर्माणमा निरन्तरता दिन आवश्यकता रहेकोछ । गाउँपालिकाले पूर्वाधारको निर्माण गर्दा लक्षितवर्गमैत्री हुनु पर्ने छ। भौतिक पूर्वाधार निर्माण गर्दा अनिवार्य भवन आचार संहिताको कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ। वार्षिक नीति तथा कार्यक्रममा प्रजनन स्वास्थ्य कार्यक्रममा गर्भवति महिला र सुत्केरी महिलालाई जोखिमयुक्त काममा लगाउन नपाईने नीति तयार गरी सोको कार्यान्वयनमा ल्याउन पर्ने अवस्था रहेको छ । गाउँपालिकामा, वडा र सबै सरकारी कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन गरी प्रयोगमा ल्याउन अत्यन्तै जरुरी वनेको छ ।

वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरुलाई सचेतना गर्दै गाउँपालिकामा ग्रामिण महिलालाई सीप विकास तालिम मार्फत प्राबिधिक तयारीका लागि रणनैतिक कार्य गर्नु पर्ने परीक्षणको नतिजाले देखाएको छ । लैंगिक तथा यौनिक अल्पसंख्यक वर्गका लागि सेनिटरी प्याडको व्यवस्था सहित स्थानीयस्तरमा फोहोरको उचित व्यवस्थापनको गरिएको अवस्था छ । वार्षिक नीति तथा कार्यक्रममा लक्षित वर्गको लागि स्वरोजगार र शिक्षामूलक कार्यक्रम र बजेटको व्यवस्था गर्नु पर्ने देखिन्छ । गाउँपालिकास्तरमा सुपथ मूल्यको सहकारी पशलहरु संचालनमा ल्याउन आवश्यक देखिन्छ । महिला प्राविधिकहरु उत्पादन गर्ने कार्यक्रमका साथै सामाजिक परिचालकहरु तयार गर्ने कार्यक्रमहरु निर्माण गर्नु पर्ने देखिन्छ । महिला साक्षरताका लागि सघनरुपमा कार्यक्रमको निरन्तरता दिनु पर्ने अवस्था रहेको छ।

**(घ) सुशासन र उत्तरदायित्वः**

हरिनास गाउँपालिकामा वार्षिक नीति तथा कार्यक्रम र बजेटमा स्थानीय तहको सेवा प्रवाह, विकास निर्माण र सुशासन विषयमा कानुनी रुपमा कार्यक्रम सञ्चालन भएमा छन। बाल अधिकार महाशन्धिका प्रतिवद्धताको संस्थागत कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन सम्बन्धी अवधारणाको अवलम्वन गरी पालिका घोषणाउन्मुख कार्यमा अगाडि वढेको छ । सामाजिक जवाफदेहीताका औजारहरुको समयमा प्रयोग भएको छ । सबै प्रकारका सूचनाहरुको सार्वजनिकीकरणमा लक्षित वर्गको सहभागीतालाई अझ बृद्धि गर्नपर्ने देखिन्छ । सामाजिक जवाफदेहीताका औजारहरुको प्रयोगमा लक्षित समुहबाट प्राप्त विचारको सुनुवाई गर्नु पर्ने छ । गाउँपालिकाबाट चौमासिक रुपमा नियमित सार्वजनिक सुनुवाई गरी स्थानीय सेवाप्रति नागरिकहरुको सन्तुष्टिको स्तरको मापन गरिएको छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहवीच आवश्यक समन्वय र सहकार्यलाई बढाउन पर्ने रहेको छ । जनप्रतिनिधिहरुको आचार संहिता कार्यालयमा देख्ने गरी राखी पालनामा ल्याउनु पर्ने रहेको छ । कर्मचारीको लागि आचार संहिता तयार गरी स्थानीय तहमा रहेका सवै कार्यालयहरुमा लागु गर्न बाँकी देखिन्छ ।

गाउँपालिकाका सूचनाहरु स्थानीय भाषामा पनि प्रशारण गर्नु पर्ने रहेको छ । सबै लक्षितवर्गले स्थानीय तहबाट सञ्चालित कार्यक्रमबाट लाभको प्रभाव के कस्तो रहेको छ पहिचान गर्नु पर्ने छ । गाउँपालिकाको प्रगति समिक्षा र बैठकमा लक्षित समूहको सहभागीता र उनीहरुको बोलीको सुनुवाई लाई जोड दिन आवश्यक रहेको छ । लक्षित वर्गको सञ्जाल निर्माण र कार्यगत छलफललाई आगामी वर्षहरुमा नीति तथा कार्यक्रममा समेट्नु पर्ने देखिन्छ । महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव विरुद्धका प्रतिबद्धता र कार्ययोजनाको जानकारी गरी कार्यान्वयनमा ल्यान आवश्यक पहल कदमी गर्न लाग्नु पर्ने देखिन्छ ।

हरिनास गाउँपालिकाका जनप्रतिनीधि र कर्मचारी समेतको सहभागिता लैंगिक समानता तथा सामाजिक परीक्षण पश्चात् प्रमुख सूचकहरुले प्राप्त गरेका अङ्कहरुको लेखाजोखा गरी तयार गरिएको कार्ययोजना अनुसार कार्यक्रम संचालनमा ल्याउन प्रतिवद्ध भएर लाग्नु पर्ने अवस्था छ । बेईजिङग घोषणा-पत्र प्रतिबद्धता पुरा गर्नेसंग सम्बन्धित कार्यक्रमहरुमा वजेट विनियोजन गर्नु पर्ने रहेको छ । परीक्षण पश्चात सूचकको अवस्था सुधारका लागि प्राप्त कार्ययोजना मुताविक लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले पहल गरी वजेट कार्यक्रम तर्जुमा समिति मार्फत वार्षिक योजनामा समावेश गरी लैससासमैत्री वातावरण सृजना गरी समावेशी विकासको थालनी गर्न आवश्यक रहेको परीक्षणको नतिजाले प्रष्टियाएको छ ।

## (४)लैङ्गिक समानता तथा सामाजिक परीक्षणको नतिजा तथा सोको विश्लेषण

| मुल शिर्षक | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति कानुन, योजना | ✓ गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा विभेद नरहेको<br>✓ संघीय कानूनले व्यवस्था गरे बमोजिम पालिकामा न्यायिक समितिले कार्य गरिरहेको<br>✓ योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको समस्या पहिचान गरी समाधान गर्न छलफल गरेको<br>✓ पालिकाको योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको<br>✓ स्थानीय कर्मचारी र जनप्रतिनिधिहरुको यस बिषयमा प्रतिबद्धता रहेको | ✓ लैससास मैत्री टोली निर्माण गरी अगामी नीति तथा विद्यामान नीतिहरु विश्लेषण गर्नु पर्ने<br>✓ स्थानीय कानुन, बार्षिक योजना तथा आवधिक योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकाससम्वन्धी कुराहरू समावेश गराउने,<br>✓ स्थानीय सरकारकले लैससास नीति बनाइ कार्यान्वयन गर्ने,<br>✓ गाउँपालिकाले रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्न श्रम व्यवस्थापन कार्यविधि बनाउने,<br>✓ आवधिक योजनामा तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गर्ने योजना | ✓ कानुनीले लक्षित बर्ग पहिचान गरी उनिहरुको सम्बैधानिक तथा मौलिक हकका बारेमा स्पष्ट व्यवस्था गरेको।<br>✓ लक्षित बर्गसंग योजना कार्यान्वयन गर्न सजिलो हुने।<br>✓ लैससास सम्वन्धमा स्थानीय सरकारले कानुन बनाई कार्यान्वयन गर्न सकिने।<br>✓ बिभिन्न कार्यक्रमबाट लक्षित समुदायको चेतनास्तर बृद्धि हुदै गएको।<br>✓ आवधिक योजना अनुसार उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् | ✓ राजनैतिक मतक्यता नहुनु स्थानीय जनप्रतिनिधी र कर्मचारीहरु लैससासको बिषयमा संबेदनशिल नहुनु।<br>✓ राजनैतिक नेतृत्वमा इच्छा शक्तिको कमीको कारण समय प्रयाप्त नदिनु प्रयाप्त बजेट तथा आन्तरीक स्रोत नहुनु, मानविय श्रोतको कमी, बिभेदमा रहेका बर्ग तथा समुदायलाई<br>✓ सशक्तिकरण गर्न तथा उत्प्रेरीत गर्न लक्षित बर्ग समुदायको सहभागिता लगायत अधिकार सुनिश्चित गर्न लैससास बिषयमा क्षमता बिकासको अभाव।<br>✓ संघिय कानुमा ब्यबस्था भए बमोजिम स्थानीयकरण गर्न स्थानीय सरकार लैससास बिषय प्रति गम्भीर हुन नसक्नु |

| | | | | |
|---|---|---|---|---|
| | | तर्जुमागर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानताप्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी बजेट विनियोजन गर्ने<br>✓ पालिकाले बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा खर्च गर्ने महिला र पुरूषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको | रुपान्तरण ल्याउन आवश्यक कार्यक्रमहरु तय सकिने ।<br>✓ आवधिक तथा क्षेत्रगत योजना तर्जुमा गर्दा गाउँ पाश्र्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्न सकिने ।<br>✓ महिला तथा पिछडिएका समुदायहरुलाई स्थानीय स्तरमै कानुन निर्माण गरी सहभागी गराउने अवसर रहेको | नीति तथा कानुन निर्माण गर्दा वा पहिले बनेको नीति तथा कानुनमा लैससास बिषय समाबेश गर्ने कुरामा व्यापक छलफल हुन नसक्नु ।<br>✓ लैससास विषयलाई सहज रुपमा स्वीकार्न नसक्नु ।<br>✓ जनप्रतिनिधी तथा कर्मचारीहरुमा लैससास विषयको व्यापक जानकारी गराउन नसक्नु। |
| संस्थागत व्यवस्था | ✓ पालिकाले गठन गर्नेने समिति, उपसमिति र कार्यदलहरूमा लक्षित वर्गको प्रतिनिधित्वलाई समेटेको।<br>✓ पालिकामा महिलाविकास, लैङ्गिक हिंसा बिरूद्ध, महिला सीप | ✓ गाउँपालिकाको निर्णायक तहमा -कर्मचारी। पदाधिकारी महिलाहरूको समान रुपमा ५०।५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न कार्यविधि निर्माण गर्ने | ✓ पालिकाले आफनो भुगोल र जनसंख्याको आधारमा कर्मचारी प्रशासन नियमावलीलाई समावेशी बनाउन सक्ने, | ✓ प्रमुख प्रशासकिय अधिकृतको सरुवा चाडो हुनु,<br>✓ जनप्रतिनिधि र कर्मचारी बीचमा प्रभावकारी समन्वयको अभाव |

| | | | | |
|---|---|---|---|---|
| | विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना भएको।<br>✓ आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि आवश्यकता अनुसार कार्यक्रम तथा बजेट तर्जुमा गरिएको पालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख वस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने गरेको | ✓ लैङ्गिकमैत्री कर्मचारी भर्ना सम्बन्धी नियमावली बनाउने<br>✓ विषयगत शाखाका कर्मचारीलाई सांकेतिक भाषा, लगायत मगर भाषामा तालिम प्रदान गर्ने<br>✓ नयाँ प्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि सकरात्मक विभेदको नीति अवलम्बन गर्ने<br>✓ महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि पालिका लैससास रणनीति कार्यान्वयनमा ल्याउने<br>✓ पालिकामा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी तद अनुसार कार्यशर्त र जिम्मेवारी किटान गरिनु पर्ने<br>✓ स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा लक्षित समुहको सहभागितालाई सुनिश्ति गर्नु पर्ने | ✓ लैसासास मैत्री क्षमता विकास योजना निर्माण गरी बजेट विनियोजन गर्न सक्ने,<br>✓ लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी तद अनुसार कार्यशर्त र जिम्मेवारी किटान गर्न सक्ने लक्षित वर्गका पदाधिकारी र कर्मचारी क्षमता अभिबृद्धिको लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्न सक्ने,<br>✓ स्थानीय सरकारले आवश्यक पर्ने संस्थागत ब्यवस्था कार्यबिधि बनाई कार्यान्वयन गर्न सक्ने कानुनी अधिकार रहेको।<br>✓ योजना तर्जुमा तथा कार्यान्वयन लैंगिक तथा समाबेशी सहभागिता सुनिश्चित भएमा सेवा प्रवाह चुस्त दुरुस्त र छिटो छरितो हुने ।<br>✓ पालिकाले स्पष्ट नीति बनाई लैससासमैत्री भौतिक संरचना निर्माण गर्न गराउन निर्देशन गर्न सक्ने । | ✓ संघ तथा प्रदेश स्तरमा निर्मित संरचनाहरुको स्थानीय संरचनासँग समन्वय गर्न<br>✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुको समयमै स्थानीयकरण हुन नसक्नु<br>✓ पालिकाको आफ्नो आन्तरीक स्रोत कमी हुनु<br>✓ बञ्चितिकरणमा परेका समुदायका लागि निश्चित बजेट सिमा नतोकिनु ।<br>✓ सबै वडाहरुमा सबै प्रकारका खण्डिकृत तथ्यांक ब्यबस्थापन नहुनु।<br>✓ स्थानीय तहमा सम्बन्धित बिषय बिज्ञको अभाव ।<br>✓ पालिकाको जनशक्ति तथा बजेट ब्यबस्थापन कमी हुनु। |

| | | | | |
|---|---|---|---|---|
| | | ✓ पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने<br>✓ पालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे पनि कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने व्यवस्था गर्ने। | ✓ खण्डिकृत तथ्यांक अद्याबधीक गर्न सकेमा लक्षित समुदायको समस्या पहिचान गर्न सहज हुने | |
| मानव संशाधन तथा क्षमता विकास | ✓ पालिकाले सञ्चालन गरेको तालिमका विषयवस्तु प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग तथा महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको।<br>✓ पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी | ✓ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने पालिकाको सबै पदाधिकारी र कमर्चारीहरू र लक्षित वर्गलाई प्रदान गरिएको लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो | ✓ स्थानीय सरकारले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्न सक्ने,<br>✓ पालिकाले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंशा सम्बन्धी तालिमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्न सक्ने, कर्मचारी तथा जनप्रतिनिधिहरुका लागी आवश्क | ✓ बजेट विनियोजनको प्राथमिकत भौतिक विकासमा हुनु लैङ्गिक संवेदनशिल कर्मचारी प्रशासन नियमावली बनाउन नेतृत्वको प्राथमिकतामा नपर्नु।<br>✓ स्थानीय तहमा योग्य कर्मचारीको निरन्तरतामा कमी |

| | | | | |
|---|---|---|---|---|
| | सम्वन्धी तालिम दिन तथा कार्यक्रम सञ्चालन गर्न सक्ने मानवीय श्रोत रहेको। | सम्वन्धी जनशक्तिको व्यवस्था गर्ने ।<br>✓ महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाहवटा प्रतिवद्दताहरूका बारेमा पालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अनुशिक्षण दिने लैङ्गिक हिँसा रहित गाउँपालिका घोषणाको लागि नीतिगत व्यवस्था गर्ने।<br>✓ जनप्रतिनिधि र कर्मचारीहरुलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनको बारेमा अभिमुखीकरण गर्ने<br>✓ स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा | क्षमता बिकासका कार्यक्रम स्थानीय तह आफैले संचालन गर्न सक्ने,<br>✓ पालिकाले मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्न सक्ने<br>✓ समान तथा समाबेशी सहभागिताका लागि जनप्रतिनिधी सकारात्मक रहनु र मानव संशाधन बिकासका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न पालिका प्रतिबद्ध रहेको पर्ने ।<br>✓ कार्यपालिका सदस्य, सभाको सदस्य र प्रमुख प्रशाकिय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुन निर्माण प्रक्रियाको बारेमा पालिकाले तालिम सञ्चाल गर्न सक्ने | ✓ क्षमता बिकासका कार्यक्रम संचालन गर्न स्थानीय बिज्ञको अभाव रहेको।<br>✓ पालिकाको लैससास बिकास सम्बन्धी कार्ययोजना नहुनु ।<br>✓ पालिकामा आबश्यक श्रोत साधन र दक्ष जनशक्तिको अभाव हुनु ।<br>✓ मानव संशाधन विकासका लागि प्रयाप्त बजेट विनियोजन नहुनु |

| | | | | |
|---|---|---|---|---|
| | | तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा अभिमुखीकरण गर्ने<br>✓ महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने र महिलाको कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा बिरूद्धका कार्यक्रमहरूको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने।<br>✓ विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायको सहभागितामा परिचालन गर्ने कार्यविधि अद्यावधिक गर्ने । | | |
| सेवा प्रवाह | ✓ पालिकाका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लागत अनुमान तयार गर्दा | ✓ पालिकाले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न | ✓ सेवा प्रवाहका लागी आवश्यक जनशक्तिको ब्यवस्था रहेको। | ✓ जनप्रतिनिधिहरुको पुर्वाधार विकासमा बढि चासो हुनु। |

| | | | | |
|---|---|---|---|---|
| | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैससास मैत्रीबनाउने अभ्यास थालनी गरेको<br>✓ स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा लक्षित वर्ग मैत्री बनाउन निर्देशन गरेको<br>✓ परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धीकार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरूसंचालन गरिएका। | बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न नीति तथा सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरूलाई योजना तथा बजेटमा प्राथमिकता दिने।<br>✓ स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तन पानका निमित्त अलगै कक्ष र समयको व्यवस्था सम्वन्धी नीति बनाई कार्यान्वयन गर्ने<br>✓ महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमाको प्रभाव मुल्यांकन गर्न अशिक्षित महिलाहरूको लागिशिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू अभिभावकशिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चादेखि बच्चा कक्षा, आदि | ✓ लैससासमैत्री सेवा प्रबाहका लागि कार्यनीति बनाई लागु गर्न सकेमा सेवामा समाबेशी पहुँच बृद्धि हुने।<br>✓ सार्बजनिक निकायमा स्तनपान कक्ष र लैंगिक मैत्री महिलामैत्री बतावरण निर्माणका लागि शौचालय ब्यबस्थापन गर्न सकिने।<br>✓ गरिवी नक्सांकन र बेरोजगार पहिचान गरी तथ्यांक अद्यावधीक गरेमा लैससासमैत्री योजना तथा बजेट निर्माणमा सहयोग पुग्ने<br>✓ लैससासमैत्री सेवा प्रणालीको बिकासका लागि जनप्रतिनिधीहरु सकारात्मक रहनु।<br>✓ महिला स्वास्थ्य सुद्धृढिकरणका लागि पालिकाले महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी नीति ल्याउनु।<br>✓ पालिकाले महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका | ✓ पालिकाले सेवा प्रवाहलाई लैससासमैत्री बनाउन जनप्रतिनिधिको प्रथामिकतामा नपर्नु।<br>✓ समुदाय तहमा लैससास सम्बन्धी जनचेतनाका कमि हुनु।<br>✓ सामाजिक, आर्थिक, सास्कृतिक पछौटेपना कामयै रहनु।<br>✓ अन्य सार्बजनिक निकाय तथा नीजि क्षेत्रबाट हुने भवन निर्माण एबं भौतीक संरचनाहरु महिला, बालबालिका, अपांग मैत्री हुनका लागि पालिकाले नीति बनाई लागु गर्न नसकेको।<br>✓ स्थानीय तहमा बिद्यमान कानुनी प्राबधानहरुको पूर्ण कार्यान्वयन गर्न नसकिएको।<br>✓ बजार अनुगमन गरी महंगी नियन्त्रण गर्न र सुपथ मुल्यको सहकारी पसल सञ्चालन गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | संचालन गर्ने नीति भएपनि बजेट विनियोजनलाई नियमितरुपमा गर्ने।<br>✓ पालिकाको आयोजना तथा स्थानीय महिलाहरुको सक्रीय सहभागितामा केही वडामा खुला दिसामुख्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान कार्यक्रमलाई बार्षिक योजनामा राखी बजेट विनियोजन गर्ने | व्यक्तिहरूको स्वास्थ्य बिमाको प्रभाव मुल्यांकन गर्न सक्ने।<br>✓ प्रौढ शिक्षा तथा किशोरी शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्ने,<br>✓ फोहोर व्यवस्थापनको लागि पालिकाले कार्यविधि बनाउन सक्ने।<br>✓ बैदेशिक श्रममा जाने महिलाहरुलाई आवश्यक पर्ने तालिम निशुल्क उपलब्ध गराउन सक्ने। | स्थानीय जनप्रतिनिधिहरुको प्राथमिकतामा नपर्नु। |
| सुशासन तथा उत्तरदायीत्व | ✓ स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा पालिकाकोनीति बमोजिम गर्ने गरेको<br>✓ संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता अनुसार कार्यक्रम सहितको बजेट विनियोजन गरेको<br>✓ स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको। | ✓ पालिकाले भ्रष्टाचार विरुद्ध लैससास मैत्री रणनीति अवलम्बन गर्नु पर्ने<br>✓ पालिकाले सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरणलाई नियमित गर्ने।<br>✓ पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित वर्गले दिएको | ✓ स्थानीय तहले भ्रष्टाचार सम्बन्धी कार्यविधि बनाई कार्य गर्न सक्ने।<br>✓ सुचना प्रणाली लैससास मैत्री बनाउन सकेमा सबै सरोकारवाला लक्षित समुदायको सुचनामा पहुँच बृद्धि हुने।<br>✓ लैंससासमैत्री कानुन बनाई लागु गर्न सकेमा लैससासमैत्री स्थानीय शासन अवलम्बन गर्न सकिने।<br>✓ चौमासिकरुपमा सार्वजनिक सुनवाई गर्न सक्ने। | ✓ स्थानीय तहले भ्रष्टाचार सम्बन्धी कार्यविधि बनाउन जनप्रतिनिधि र कर्मचारीको प्राथमिकतामा पर्न नसक्ने।<br>✓ सुचना प्रणाली लैससासमैत्री बनाउन कम चासो।<br>✓ स्थानीय तहमा भाषा विज्ञको अभाव<br>✓ समुदायमा समान बुझाईको अभाव। |

| | | | | |
|---|---|---|---|---|
| | ✓ स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको ।<br>✓ लैङ्गिक समानतातथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच बनेको सञ्जालमा कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरेको ।<br>✓ लैङ्गिक समानता तथा समावेशी विकासको लागि सञ्जालको प्रतिनिधिहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरेको। | सुझावहरुलाई कार्ययोजना बनाई लागु गर्ने।<br>✓ स्थानीय सरकारले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमहरु लक्षित वर्गलाई जानकारी गराउन वडामा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>✓ स्थानीय सरकारले समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह र स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने ।<br>✓ पालिकाले संचालन गरेका कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने।<br>✓ पालिकाले संचालन गरेका कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता | ✓ नियमित सार्बजनिक सुनुवाइमा लक्षीत बर्ग समुदायको सहभागिता सुनिश्चित गर्न सकेमा समयमै सवाल उठान भई सम्बोधनका लागि सहज हुने ।<br>✓ महिला, दलित, बालबालिका, जेष्ठनागरीक, अपांगहरुका लागि बिनियोजन गरेको बजेट सबै सरोकारवालाको जानकारीका लागि नियमित सार्बजनिक गर्ने गरेमा उनीहरुले प्रत्यक्ष लाभलिन सहज हुने ।<br>✓ लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्न सक्ने।<br>✓ महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा | ✓ सार्वजनिक सूचनाहरु सवै लक्षित बर्ग सम्म पुग्न नसक्नु ।<br>✓ सरोकारका जनचेतनामूलक अभियान कार्यक्रम संचालनका लागि पर्याप्त बजेटको कमी ।<br>✓ पालिकाबाट सार्बजनिक गरिएका सुचना तथा जानकारीहरु सबै सरोकारवालाको पहुँच हुन नसक्नु ।<br>✓ पालिकाले सबै वडामा इन्टरनेटको ब्यबस्था गरेपनि प्राबिधिक अबरोध भई सबै स्थानमा समयमै सुचना प्रबाह गर्न र सुचना सेवा लिन कठीनाई।<br>✓ लक्षित बर्ग समुदायलाई बिकास प्रक्रियामा सहजै सहभागि गराउन नसक्नु।<br>✓ राष्ट्रिय कार्ययोजनाहरुलाई स्थानीयकरण गर्न स्थानीय तहमा विज्ञको अभाव। |

| | | | | |
|---|---|---|---|---|
| | | तथासामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने।<br>✓ महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि पालिकाले राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्वाट पारितप्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन गर्ने।<br>✓ राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनालाई स्थानीयकरण गर्ने। | परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन।<br>✓ राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारले पालिको कार्ययोजना बनाउन बजेट विनियोजन गर्न सक्ने। | |

### (५) लैङ्गिक तथा सामाजिक समावेशिकरण विकास कार्ययोजना

| सूचक संख्या | प्रामाङ्क | सूचकहरु | क्रियाकलाप | जिम्मेवारी | | | समयावधि | थप आर्थिक जिम्मेवारी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| क. | १२.५ | नीति कानून र योजना | | | | | | | |
| अ. | ७.० | नीति र कानुनमा समावेशिता सहभागिता | | | | | | | |
| २ | ०.५ | सरकारले आफ्ना नीति कानुन योजना जारी गर्नुभन्दा अगाडि लैससासकको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे नगरेको | लैससास मैत्री नीति निर्माण गर्न कार्यटोली निर्माण गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका | कार्यपालिका | अषाढ मसान्त २०८३ | | ✓ |
| ४ | ०.५ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू छन् छैनन् स्थानीय ऐन कानुन कार्यविधि निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको | लैङ्गिक तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति बनाउने | सामाजिक विकास शाखा | गाउँसभा | प्र.प्र.अ. | अषाढ मसान्त २०८३ | | ✓ |
| आ. | ३.५ | योजना तर्जुमा तथा कार्यान्वयन | | | | | | | |
| ९ | ०.५ | आवधि योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापन योग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ छैन | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशि विकासको लागि नीति रणनीति निर्माण गरी लागु गर्ने | योजना शाखा | गाउँसभा | कार्यपालिका | अषाढ मसान्त २०८३ | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | ०.५ | गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बजेट सीमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि प्रत्यक्ष फाइदा पुग्ने गरी कुल पुँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे नगरेको | लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने | सामाजिक विकास समिति | गाउँसभा | कार्यपालिका | अषाढ मसान्त २०८३ | ✓ | |
| ११ | ०.५ | स्थानीय सरकारको योजना सूची लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरुले छनोट गरेका योजना प्राथमिकी पर्ने गरे नगरेको योजना तर्जुमा गर्दा गाउँ बस्ती स्तरबाट आएका योजना कार्यक्रमहरूलाई समेटे नसमेटेको परीक्षण | सहभागितामुलक योजना छनौट प्रकृया | योजना शाखा | गाउँसभा | कार्यपालिका | बैशाख-असार | | ✓ |
| १२ | ०.५ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीति आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल | महिला तथा बञ्चितिकरणमा परेका वर्गलाई छुट्टै कार्यक्रम | योजना शाखा | गाउँसभा | सामाजिक विकास शाखा | बैशाख-असार | | ✓ |
| १३ | ०.० | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरू को छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गरिए नगरिएको तयारी प्रतिवेदन | योजना तर्जुमा गर्दा महिला पुरुष एवं लक्षित समूको छुट्टाछुट्टै विश्लेषण गर्ने | योजना शाखा | गाउँसभा | प्रशासन शाखा | आषाढ मसान्त २०८३ | | ✓ |
| १४ | ०.० | सरकारले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने | दिगो विकासको लक्ष्य नं ५ को | कानुन निर्माण तथा सुझाव समिति | गाउँसभा | सामाजिक विकास शाखा | आषाढ मसान्त २०८३ | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे नगरेको | स्थानीयकरण गर्ने नीतिगत व्यवस्था | | | | | | |
| १५ | ०.५ | स्थानीय तहका योजना महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको नबनेको | लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने | सामाजिक विकास समिति | गाउँसभा | कार्यपालिका | अषाढ मसान्त २०८३ | ✓ | |
| इ. | २.० | बजेट तर्जुमा तथा कार्यान्वयन | | | | | | | |
| १७ | ०.५ | बजेट तथा कार्यक्रम गर्नुभन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मधेसी मुस्लिम पिछडा वर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने विश्लेषण गर्ने गरिएको | सरोकारवालाहरुसँग छलफल गरी योजनाको प्राथमिकीकरण गर्ने | योजना शाखा | गाउँसभा | सामाजिक विकास शाखा | आषाढ मसान्त २०८३ | | ✓ |
| १९ | ०.५ | परीक्षण पश्चात् लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिए नगरिएको | कार्ययोजना अनुसारको कार्य सम्पादन गर्न बजेट विनियोजन गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | गाउँसभा | सामाजिक विकास शाखा | आषाढ मसान्त २०८३ | ✓ | |
| २० | ०.० | सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयमा नै खर्च गरिए नगरिएको | लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका | सामाजिक विकास शाखा | आषाढ मसान्त २०८४ | ✓ | |
| ख. | १२.० | संस्थागत व्यवस्था | | | | | | | |
| अ. | ४.० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | | | | | | | |
| आ. | ३.५ | कार्यप्रणालीमा समावेशिता | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | ०.५ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे नगरेको | लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने | प्रशासन शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आषाढ मसान्त २०८४ | | ✓ |
| इ. | १.५ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | | | | | | |
| ३० | ०.५ | स्थानीय सरकारले गठ समिति उप कार्य महिला तथा वञ्चितीकरणमा परेको समुदायका प्रतिनिधिहरू ले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भाग लिन पाए नपाएको | निर्णय प्रकृयालाई सुधार गर्ने | सम्बन्धित समिति, कार्यदल | सम्बन्धित समिति, कार्यदल | सम्बन्धित समिति, कार्यदल | आ.व. | ✓ | |
| ३१ | ०.० | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे नगरेको | वञ्चितिकरणमा परेमा वर्गको हीत हुने गरी सुझाव दिने | | | अनुगमन समिति | आ.व. | ✓ | |
| ३२ | ०.० | स्थानीय सरकारले गठन गर्ने समिति उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितरणमा परेको समुदायको हित हुने गरी दिएका नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन हुने गरेको | सुझावहरुको कार्यान्वयन गर्ने | कानुन निर्माण तथा सुझाव समिति | | कार्यपालिका | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | | | | | | | |
| ३३ | ०.० | स्थानीय तहमा महिला विकास लैङ्गिक हिंसाविरुद्ध महिला सिप विकास नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि छुट्टै कोषमा स्थापना गरिएको नगरिएको | लैङ्गिक हिंसा विरुद्ध महिला सिप विकासको लागि छुट्टै कोषको स्थापन गर्ने | लैससास कार्यान्वयन समिति | गाउँसभा | आर्थिक प्रशासन शाखा | आ.व. | ✓ | |
| ३४ | ०.५ | आदिवासी जन जाति दलित अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ | लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | योजना शाखा | आ.व. | ✓ | |
| ३५ | ०.० | स्थानीय सरकारमा लैङ्गिक समविकासको र आवश्यक मानवीय स्रोतहरूका लागि बजेटको व्यवस्था भएको छ सो अनुसार कार्यक्रम पहिचान गरिएको छ | लैङ्गिक समविकास र मानवीय स्रोतको लागि बजेटको व्यवस्था गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | योजना शाखा | आ.व. | ✓ | |
| ३६ | ०.५ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्ने बजेटको व्यवस्था गरे नगरेको र कम्प्युटरकृत लेखा समावेशी क्षेत्रमा भएको बजेट तथा खर्चसम्बन्धी सूचना दिने वा नदिने गरेको | सूचना प्रणालीलाई थप प्रभावकारी वनाउनु पर्ने | | | सूचना तथा प्रविधि शाखा | आ.व. | ✓ | |
| उ. | २.० | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन अङ्कभार | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | ०.० | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना तथ्याङ्क सङ्कलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे नगरेको प्रोफाइल | खण्डीकृत सूचना प्रणालीलाई एकीकृत र कम्प्युटरकृत बनाउने | पञ्जिकरण शाखा | प्र.प्र.अ. | सूचना तथा प्रविधि शाखा | आ.व. | | ✓ |
| ३९ | ०.० | के स्थानीय सरकारले आफ्नो पार्श्व चित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय योजना तर्जुमा गर्ने गरेको छ | पाश्व चित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानी योजना तर्जुमा गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | गाउँसभा | योजना शाखा | आ.व. | ✓ | |
| ग. | ४.५ | मानव संसाधन तथा क्षमता विकास | | | | | | | |
| अ. | २.५ | मानव क्षमता विकास | | | | | | | |
| ४१ | ०.५ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए/नआएको् | कार्यविधि निर्माण | सामाजिक विकास शाखा | गाउँसभा | कानुन निर्माण तथा सुझाव समिति | प्रथम चौमासिक | | ✓ |
| ४२ | ०.५ | स्थानीय सरकारका पदाधिकारी कर्मचारीको लैङ्गिक तथा समावेशि विकास, लैङ्गिक हिंसा तालिम ललिएका छन् वा छैनन् र तालिम कार्यकलममा लक्षित समूह तथा अन्य सवै महिला र पुरषको समानता सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन? | अभिमुखिकरण तथा तालिम कार्यक्रम सञ्चालन | सामाजिक | कार्यपालिका | सामाजिक विकास शाखा | प्रथम चौमासिक | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | ०.५ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकात समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ छैन? | तालिमका विषयलाई संवेदनशिल बनाउने र पृष्ठपोषण लिने | सामाजिक विकास शाखा | | विषयगत शाखाहरु | आ.व. | | ✓ |
| ४४ | ०.५ | महिला तथा लक्षित समूहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन् छैनन्? सो अनुसारको बजेट विनियोजन गरिएको छ छैन? | क्षमता विकास तालिमहरु सञ्चालन गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | दोस्रो चौमासिक भित्र | ✓ | |
| ४५ | ०.५ | के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशि सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी हुने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | ✓ | |
| ४६ | ०.० | के स्थानीय सरकामा मानव संसाधन  विकास स्रोत केन्द्र वा शाखा वा इकाईको व्यवस्था छ? | मानव संसाधन विकास स्रोत इकाईको स्थापना गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्र.प्र.अ. | आ.व. को सुरुमा | ✓ | |
| ४७ | ०.० | महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन रहे नरहेको र कार्यान्वयन भए नभएको ? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | लोक सेवा तयारी कक्षा सञ्चालन गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | प्रशासन शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | ०.० | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धराहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ? सो को लागि अभिमुखिकरण गरिएको? सोको लागि अभिमुखिकरण गरिएको छ? (कार्यक्रम संख्या र उपस्थिति) | अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व. | ✓ | |
| आ. | ०.५ | अनौपचारिक मूल्य मान्यता र कु संस्कार विरुद्ध जनचेतनाः | | | | | | | |
| ४९ | ०.५ | महिला विरुद्ध सवै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमा नै सम्पन्न गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | महिला हींसा विरुद्ध कार्यक्रमहरु सञ्चालन गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | सामाजिक विकास शाखा | आ.व. | ✓ | |
| ५० | ०.० | लैङ्गिक हिंसा रहित गाउँपालिका घोषणा गरेको छ (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ (घटेको घटना संख्या र लिइएका निर्णय) | लैङ्गिक हिंसा रहित गाउँपालिका घोषणा गर्ने आवश्यक तयारी गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | कार्यपालिका | आ.व. | ✓ | |
| ५१ | ०.० | स्थानीय सरकारले महिला विरुद्ध सवै खाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका) | महिला हिंसा निर्मुल पार्ने सचेनतामुलक कार्यक्रम सञ्चालन गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | ✓ | |
| ५२ | ०.० | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बाल विबाह, बहु विबाह, दाइजो, आदी जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु | सामाजिक कुरीति हटाउने सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सञ्चालन गर्ने गरेको छ (कार्यक्रम संख्या र उपस्थिति) | | | | | | | |
| इ. | ०.० | कानुनी साक्षरताः | | | | | | | |
| ५३ | ०.० | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीत्र सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु, विषयगत कानुनहरु, पालिकाले जारी गरेका कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमुखिकरण गर्ने गरे/ नगरेको? | अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व. | ✓ | |
| ५४ | ०.० | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सवै शाखा प्रमुखहरुलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखिकरण गर्ने गरे/नगरेको? | अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५ | ०.० | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन्? (जस्तै कानुनी हक अधीकार, एकल महिला र मानव वेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कारयक्रम, यौनहिंसा, विरुद्धका कार्यक्रम आदि बारे अनुशिक्षण) | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व. | ✓ | |
| ५६ | ०.० | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनबाट के उनीहरु लाभान्वित भएका छन्? (जस्तैः कानुनी हक अधिकार, एकल महिला, चेलिबेटी वेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम आदीबारे अनुशिक्षण र यसको असर) | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व. | ✓ | |
| ई. | १.५ | विपद् व्यवस्थापनमा समावेशिताः | | | | | | | |
| ५७ | ०.५ | स्थानीय सरकारले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्श गरे/ नगरेको र यस्ता दस्तावेजमा सिमान्तीकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरषलाई अलग अलग संरक्षणको प्रावधान रहे/नरहेको? | नीति तथा कानुन बनाउँदा सरोकारवालाहरुसँग परामर्श लिने | कानुन निर्माण तथा सुझाव समिति | कार्यपालिका | कानुन निर्माण तथा सुझाव समिति | आ.व. | | ✓ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५८ | ०.० | स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखि आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे/नगरेको? | खण्डीकृत तथ्याङ्क राखि विपद्को समयमा प्राथमिकताका आधारमा सेवा दिने | सामाजिक विकास शाखा | कार्यपालिका | विपद् व्यवस्थापन समिति | आ.व. | ✓ | |
| ५९ | ०.० | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकतामा राखि गर्ने गरे/नगरेको? | विपरद्को समयमा लक्षित वर्गलाई प्राथमिकता दिने | सामाजिक विकास शाखा | कार्यपालिका | विपद् व्यवस्थापन समिति | आ.व. | | ✓ |
| घ. | ११.० | सेवा प्रवाह | | | | | | | |
| अ. | २.० | पूर्वाधार विकासः | | | | | | | |
| ६१ | ०.५ | स्थानिय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचा निर्माणको लागि ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्दा संरचता निर्ण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्गमैत्री र संवेदनशिल संरचनाको प्रावधान सहित हुने गरे/नगरेको? | भवन निर्माण गर्दा अपाङ्ग, महिला, बालबालिका मैत्री प्रावधानलाई निरन्तरता दिने | पुर्वाधार विकास शाखा | कार्यपालिका | पुर्वाधार विकास शाखा | आ.व. | | ✓ |
| ६२ | ०.५ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तता संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति | भवन निर्माण गर्दा अपाङ्ग, महिला, बालबालिका मैत्री | पुर्वाधार विकास शाखा | कार्यपालिका | पुर्वाधार विकास शाखा | आ.व. | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन? | प्रावधानलाई निरन्तरता दिने | | | | | |
| ६४ | ०.० | स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत, विभिन्न वैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे/नरहेको? | उपयुक्त तथा आधुनिक उर्जाको प्रयोगलाई प्रोत्साह दिने | सामाजिक विकास शाखा | गाउँसभा | योजना शाखा, सामाजिक विकास शाखा | आ.व. | ✓ | |
| आ. | २.५ | प्रजनन् स्वास्थ्यः | | | | | | | |
| ६६ | ०.५ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा वच्चालाई स्तरपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सो को व्यवस्थापन गरिएको छ/छैन? | स्तनपान कक्ष स्थापना गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आ.व. | ✓ | |
| ६८ | ०.० | महिला, गरिब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य बीमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको? | निमुखा तथा वञ्चितिकरणमा परेका वर्गको स्वास्थ्य बीमा कार्यक्रम | सामाजिक विकास शाखा | गाउँसभा | सामाजिक विकास शाखा | आ.व. | ✓ | |
| इ. | ३.० | शिक्षा कार्यक्रमः | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७१ | ०.० | अशिक्षित महिलाहरुको लागि शिक्षा सम्बन्धि विशेष कार्यक्रमहरु सञ्चालित भए/नभएका? (अभिभावक शिक्षा, प्रौढ शिक्षा, बच्चा देशि बच्चा कक्षा, आदी। (कार्यक्रम संख्या र पटक तथा सहभागी संख्या) | अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन | सामाजिक विकास शाखा | गाउँसभा | शिक्षा शाखा | आ.व. | ✓ | |
| ई. | १.५ | खानेपानी तथा सरसफाई | | | | | | | |
| ७४ | ०.५ | स्थानीय तहको आयोजना तथा स्थानिय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान जस्ता कारयक्रम सञ्चालन हुने गरे/नगरेको? | सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी थप प्रोत्साहीत गराउने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | | ✓ |
| ७५ | ०.० | कुहिने र नकुहिने घरयासी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसा बाली तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महला र पुरुषको समानता सहभागिता हुनुपर्ने जस्ता चेता अभिवृद्धि कार्यक्रम सञ्चालन हुने गरे/नगरेको? | फोहोर छुट्याउने व्यवस्था गर्ने, पुन प्रयोग तथा घरायासी उपयोगका बारेमा सचेतना मुलक कार्यक्रम | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | ✓ | |
| ७६ | ०.० | महिलाहरु बढि मात्रामा संलग्न हुने कार्यमा सफा पानिको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रिय सहभागितामा आकासे पानी संकलन र भण्डारण, परम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ्ग कार्यक्रम सञ्चालन हुने गरे/नगरेको? | पानी संकलन पोखरी तथा रिचार्ज पोखरी निर्माण | योजना शाखा | कार्यपालिका | योजना शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उ. | २.० | स्वरोजगार तथा आयाआर्जन र बजार व्यवस्थापनः | | | | | | | |
| ७७ | ०.५ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा वोरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन? | लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | कार्यपालिका | आ.व. | ✓ | |
| ७९ | ०.५ | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकाङ्क) | ग्रामिण महिला प्राविधिक तथा परिचालन तयार कार्यक्रम | सामाजिक विकास शाखा | गाउँसभा | कार्यपालिका | आ.व. | ✓ | |
| ८० | ०.० | गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमुल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको? | सहुलियत सहितको सहकारी सञ्चालन | सामाजिक विकास शाखा | गाउँसभा | सहकारी शाखा | आ.व. | ✓ | |
| ङ. | १२.० | सुशासन तथा उत्तरदायीत्व | | | | | | | |
| अ. | २.५ | सुशासनः | | | | | | | |
| ८३ | ०.० | महिला विकासका लागि भएका बेईजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | बेईजिङ्ग घोषणा पत्रको स्थानीयकरण | सामाजिक विकास शाखा | गाउँसभा | सामाजिक विकास शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८४ | ०.५ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार सहासन्धी, १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमा नै सम्पन्न गरेको छ? | महासन्धि कार्यान्वयन गर्न कार्यक्रमहरु सञ्चालन गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. | ✓ | |
| आ. | ३.५ | उत्तरदायित्व र जवाफदेहीताः अङ्कभार | | | | | | | |
| ८७ | ०.५ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित, पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा आवाज उठ्ने गरे/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे/नगरेको? | वञ्चितिकरणमा परेको वर्गको आवाजलाई सम्बोधन गर्ने | प्रशासन शाखा | कार्यपालिका | कार्यपालिका | आ.व. | | ✓ |
| ९० | ०.० | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/नगरेको? | स्थानीय भाषामा सूचना प्रवाह गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सूचना तथा प्रविधि शाखा | आ.व. | | ✓ |
| ९१ | ०.० | स्थानीय सरकारले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्धारा समावेशीकरण तथा लैङ्गिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुशुचित गर्ने गरेको छ? | स्थानीय सञ्चारका माध्यम प्रयोग गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सूचना तथा प्रविधि शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९२ | ०.० | के स्थानीय स्तरमा महिला, बालबालिका सवै जातजातीका विपन्न वर्ग (आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायत अन्य लक्षित समूहरुको सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी कार्यक्रमको सूचना शिक्षा तथा सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ/ आधार तथ्याङ्कसँग समेत तुलना गर्न सकिने) | प्रभावकारी कार्यक्रम तर्जुमा | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | | ✓ |
| ई. | ३.० | अनुगमन तथा मुल्याङ्कनः | | | | | | | |
| ९६ | ०.० | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ? | अनुगमनको प्रतिवेदन तयार गर्ने र योजना तयार गर्दा सुझावलाई | अनुगमन समिति | कार्यपालिका | बजेट तथा कार्यक्रम तर्जुमा समिति | बैशाख-असार | | ✓ |
| उ. | २.० | समन्वय र सम्बन्ध विस्तार | | | | | | | |
| ९८ | ०.० | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु बीच सञ्जाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुमा कार्य हुने गरे/नगरेको? | सञ्जाल बनाउने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | | ✓ |
| ९९ | ०.५ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि निभिन्न सरोकारवाला निकायहरु बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैङ्गिक तथा समावेशी | सञ्जाल बनाउने र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. | ✓ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरे/नगरेको? | | | | | | | |
| १०० | ०.५ | महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/ नगरेको? | कार्ययोजना अनुसारको कार्य सम्पादन गर्न बजेट विनियोजन गर्ने | सामाजिक विकास शाखा | गाउँसभा | सामाजिक विकास शाखा | आ.व. | ✓ | |

## ४. निष्कर्ष

लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हरिनास गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लैससास परिक्षण गर्दा ५२ अङ्क प्राप्त गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ का आधारमा प्राप्त गरेको नतिजाका आधारमा हरिनास गाउँपालिका सामान्य अवस्थामा रहेको छ। हरिनास गाउँपालिका समावेशी विकास र लैंगिकमैत्री समाजरुपान्तरणमा लाग्नु पर्ने देखिन्छ। गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा लैससासको क्षेत्रमा वार्षिक नीति, कार्यक्रम र बजेटमा केही कार्यक्रम राखेर कार्य गरेको छ।

वडागतरुमा सहभागीतामूलक पद्धतिमा योजनाहरु छनौट भएका छन । टोल विकास संस्था उपभोक्ता समिति गठन सम्वन्धि कार्यविधि बनाएर समानुपातिक सहभागिता गर्ने प्रतिनीधिहरुको सक्रियाता तथा सशक्तिकरण गर्नु पर्ने देखिन्छ। न्यायिक समिति सक्रिय रहेर स्थानीयस्तरका न्यायिक कार्यहरु सम्पादन गरिएको छ। लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि बनेको छ। गाउँपालिकाको खण्डिकृत तथ्याङ्क अध्यावधिक गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत समान ज्यालाको प्रत्याभुत गर्न नीतिको कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ। समान ज्यालाको नीतिको अनुसरण गरी रैथाने र आप्रावासी कामदारको हित र संरक्षणको प्रावधानको कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ।

हरिनास गाउँपालिका खुल्ला दिसामुक्त, पूर्णखोपयुक्त स्थानीय तह भइसको छ । बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाउन्मुख रहेको छ। ठूला संरचनाहरुको निर्माण गर्दा अपांगतामैत्री भवनहरु निर्माण हुनु पुर्व नक्साहरु बनाई सोही बमोजिम निर्माण कार्यलाई अगाडि वढाउदै लैजाने गरिएको छ। गाउँपालिका कार्यालयमा मात्र नभई वडास्तर तथा अन्य सेवाप्रवाह गर्ने कार्यालयहरुमा स्तनपान कक्ष निर्माणलाई प्राथमिकतामा राखी प्रयोगमा ल्याउन जरुरी रहेको स्थिति छ। गत आर्थिक वर्षको तुलनामा हरिनास गाउँपालिकामा लैससासको नतिजामा गिरावट आएकोले लैंगिक समानता तथा सामाजिक समावेशीकरण वजेट परीक्षण पश्चात सूचकको अवस्था सुधार गर्न तयार गरिएको कार्ययोजनाका क्रियाकलाप पुरा गराउन बार्षिक नीति कार्यक्रममा राखेर योजनावद्ध कार्य गर्नु पर्ने देखिएको छ।

संघीय सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई गाउँपालिकाले सहजीकरण गर्नु पर्ने देखिन्छ। व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्कहरु अध्यावधिक भएको पाईन्छ । हरिनास गाउँपालिकाद्धारा स्थानीय तहका विकासका पाँच आयममा सन्तुलित वजेट लगानी गर्ने नसक्दा आर्थिक वर्ष २०८२/०८३ मा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नतिजामा ५२ प्रतिशत मात्रै प्रगति गरेको छ। गाउँपालिकाले निरन्तर समावेशी र लैंगिक समानता तथा सामाजिक समावेशीकरण विकास पद्धतिलाई आत्मसाथ गर्नु पर्ने हुन्छ।

## ५. सिफारिस

हरिनास गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को लैससास परिक्षण गर्दा ५२ प्रतिशत अङ्क मात्र प्राप्त गरेको छ। गाउँपालिकाले विशेष गरी लैगिंक समानता तथा सामाजिक समावेशीकरणको अलग्गै नीति बनाएर लागु गर्नु पर्ने देखिन्छ। लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त नतिजामा सुधार गर्न तयार गरिएको कार्ययोजनालाई

कार्यान्वयनमा ल्याउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको गठन तथा नेतृत्वयदायी भुमिका निर्वाह गर्न अत्यावश्यक रहेको छ।

हरिनास गाउँपालिकाको हरेक नीति, कानून, कार्यविधि र दस्तावेजहरु बनाउँदा लैससासको दृष्टिकोणले उपयुक्त छ कि छैन भनी विश्लेषण गर्नु पर्ने अवस्था रहेको छ । गाउँपालिकाका वडाहरुमा वार्षिक कार्यक्रमहरु बनाउँदा जनसहभागीतामुलक माध्यमद्धारा समावेशी प्रतिनिधित्व र तलबाट माथिजाने विकासको प्रकृयालाई संस्थागत गर्नु छ। लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरुलाई अझ प्रभावकारी बनाईनु पर्ने रहेको छ। नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएका लैससास सम्बन्धि सन्धि, महासन्धि र प्रतिबद्धताहरु स्थानीयकरण गर्नु पर्ने देखिन्छ। लक्षित समुह र समुदायको अवस्थामा समानता कायम गर्न स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले लक्षित समुदायका वर्गका लागि निश्चित प्रतिशत वजेट छुटियाई लैंगिकहिंशा, विभेद र अवसरवाट वञ्चितिकरण परेका वर्गलाई मुलप्रवाहीकरण गर्नु जरुरी रहेको छ।

सकारात्मक विभेदको नीतिको साथै कार्यस्थलमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता तयारी गरी कार्यान्वयन गर्न अनुगमन र निमयन गर्ने काम सुरु गर्नु पर्ने अवस्था छ। हरिनास गाउँपालिकामा लैगिंक डेस्कमा जनशक्ति र वजेट सहित योजनाबद्ध रुपमा लैससासको क्षेत्रमा परिचालन परिचालन गर्नु पर्ने अवस्था रहेको छ । कानुनी मुल्यमान्यताको जानकारी र कानुन निर्माण प्रक्रियाका विषयमा जनप्रतिनीधी र कर्मचारीलाई सचेतीकरण गर्नु पर्ने रहेको छ।

लैससास परीक्षणको लागि बजेट तथा कार्यक्रमको सुनिश्चितता, बेईजिगं घोषणा पत्रको कार्यान्वयन, दीगो विकासका सुचकको स्थानीयकरण गर्दै महिला र लक्षित वर्गको व्यवहारीक र रणनीतिक आवस्यकता पूरा गर्ने कार्यक्रम सञ्चालन गर्नु पर्ने रहेको छ। क्षमता विकास योजनाका लागि वजेट व्यवस्था गरी सञ्चालनमा ल्याउन पर्ने रहेको छ। स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी र कर्मचारी) को समान प्रतिनिधित्व सुनिश्चितता गर्न वाँकी रहेको छ।

स्थानीय तहको वार्षिक आर्थिक ऐनमा लक्षित समूहलाई निश्चित प्रतिशत बजेटको व्यवस्था, समावेशी सूचना प्रणालीको व्यवस्था, स्थानीय भाषामा सूचनाको संप्रेषण, खण्डिकृत सूचनालाई आधार लिई योजना छनौट तथा बजेटको व्यवस्था गर्नुपर्ने छ। उपलब्ध मानवीय जनशक्ति र लैंगिक डेस्कको दक्षता अभिवृद्धिका साथ प्रभावकारी कार्य संचालन गरी लैगिंक हिंशामुक्त गाउँपालिका घोषणा गर्ने कार्यको थालनी गर्नु पर्ने देखिएको छ। महिलाको विरुद्ध शुन्यसहनशीलताको नीति, सामाजिक कुरीति विरुद्धका कार्यक्रम र वजेटको व्यवस्था, कानूनी अभिमुखिकरणको कार्यक्रम सञ्चालनमा प्राथमिकता दिनु पर्ने देखिन्छ।

विपद् व्यवस्थापनमा लक्षित वर्गको अर्थपरुर्ण सहभागीता र अलग अलग संरक्षण र राहतको व्यवस्था, भौतिक संरचनाहरु पूर्णरुपमा लैंगिकमैत्री तथा पहुँचयोग्य बनाइनु पर्ने छ। गर्भपती महिलालाई जोखिमपूर्ण काममा सम्लग्न गर्न नपाईने नीति निर्माण गरी सशक्त कार्यान्वयन गर्दै स्थानीय श्रमनीतिको कार्यान्वयनमा ल्याउन पहल गर्नु पर्ने रहेको छ। परम्परागत उर्जालाई आधुनिक उर्जामा रुपान्तरणका कार्यक्रम र बजेट, टोल विकास संस्थामा महिलाको अर्थपूर्ण

सहभागीता बढाउन पर्ने देखिन्छ । सञ्जालहरुको निर्माण र व्यवस्थापन, सफा पानीको सहजताका लागि पानी शुद्धिकरणका विधिहरुको वारेमामा जानकारी गर्नु पर्ने ।

महिलाको निर्णय प्रकृया र कार्यान्वयनमा अर्थपूर्ण सहभागिता, लक्षित समूहको लागि स्वरोजगारमूलक, सीपमूलक र आयमूलक कार्यक्रमको पहिचान र वजेट विनियोजन, स्थानीय तहमा सूपथमूल्यका सहकारी पसलहरुको विस्तार र भ्रष्टचार विरुद्ध शून्य सहनशीलताको नीतिको गाउँपालिकाले कार्यान्वयनका लागि रणनीति वनाउनु पर्नेछ। महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्नु पर्ने रहेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गर्दै लानु पर्ने रहेको छ ।

सामाजिक जवाफदेहीताका औजारहरुको प्रयोगमा लक्षित वर्गको सक्रिय सहभागीता, उनीहरुको विचारको सुनुवाई, उठेका सवालहरुको सम्वोधन गर्दा प्राथमिकिता दिनु आवश्यक रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरी प्राप्त सुझावलाई आत्मसाथ गर्न जरुरी रहेको छ । तीनै तहका सरकार, सरकारी कार्यालय र गैरसरकारी संस्थासंग समन्वयलाई हरिनास गाउँपालिकाले अझ प्रभावकारी बनाउँदै लैजानु पर्ने देखिन्छ । लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात भएका सुधारात्मक पक्ष सुधारका लागि तयार गरिएका क्रियाकलाप कार्यान्वयनमा ल्याउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको अगुवाईमा वजेट तथा अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाई कार्यान्वन गर्न प्रमुख आवश्यकता रहेकोछ । मानव संशाधन तथा विकास मुख्यक्षेत्रको अनौपचारीक मुल्य मान्यता र कु संस्कार विरुद्ध जनचेतना उपविषय क्षेत्रको अवस्था २२ उपविषयक्षेत्र मध्ये नै अति कमजोर रहेको छ । जसको लागि तत्कालै सम्बन्धीत विषयगत समिति शाखालाई अवस्था सुधारका लागि नेतृत्वदायि भुमिका निर्वाह गराउनु पर्ने देखिन्छ ।

## ६. अनुसूची

### अनुसूचीः१ गाउँपालिकाले १०० सूचकमा प्राप्त गरेको अङ्क

| क्र.सं. | सूचकहरु | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| क. | नीति कानून र योजना | २० | १२.५ | |
| अ. | नीति र कानुनमा समावेशिता सहभागिता | ८ | ७.० | |
| १. | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशमा लैस शासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण पूर्व दस्तावेजको समीक्षा गर्दा लैस शासक दृष्टिकोणले भएको मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे नगरेको | ०-१ | १.० | विधायन समिति |
| २ | सरकारले आफ्ना नीति कानुन योजना जारी गर्नुभन्दा अगाडि लैससासकको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे नगरेको | ०-१ | ०.५ | विधायन समिति |
| ३. | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास स्थानीय कानुन नीति आवधिक र वार्षिक योजना मा भएका नीतिहरू सम्बन्धी कुराहरू समावेश भए नभएको | ०-१ | १.० | |
| ४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू छन् छैनन् स्थानीय ऐन कानुन कार्यविधि निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको | ०-१ | ०.५ | लैससास रणनीति |
| ५. | तीन तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितीमा परेको समुदाय अर्थात् लक्षित वर्गमा हुने सबै प्रकारका विभेद जन्य कार्यहरू रोक्न प्रर्याप्त प्रावधान व्यवस्था गरिएको छ छैन | ०-१ | १.० | |
| ६ | संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए नमिलाएको | ०-१ | १.० | न्यायीक समिति |
| ७. | महिला र पुरुष श्रम को ज्यालामा विभेद रोक्ने प्रावधान रहे नरहेको | ०-१ | १.० | लैससास रणनीति |

| | | | | |
|---|---|---|---|---|
| ८. | स्थानीय तह नीति मा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे नरहेको | ०-१ | १.० | |
| आ. | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ३.५ | |
